***Pargatishil Darpan*** ***Vol. 8, No. 1*** ISSN 2350-8787
(A Peer-Reviewed and Open Access Journal Indexed in NepJOL)
**Published by**
Nepal University Progressive Professors' Association
Prithvi Narayan Campus Committee **Email**: progressiveprofessors@pncampus.edu.np
Tribhuvan University, Pokhara, Nepal **URL**: www.pncampus.edu.np

***Copyright Information:***
*Copyright 2024© The Author(s). This work is licensed under Creative Commons Attribution-NonCommercial-ShareAlike 4.0 International*

# मार्क्सवादी दर्शन र नेपालमा यसको अभ्यास
# Marxist Philosophy and its Practice in Nepal

**गिरधारी दाहाल Girdhari Dahal**
ORCID: https://orcid.org/0000-0003-4287-098X
राजनीतिशास्त्र विभाग Department of Political Science
पृथ्वीनारायण क्याम्पस Prithvi Narayan Campus
त्रिभुवन विश्वविद्यालय Tribhuvan University
पोखरा Pokhara

*Email: gddahal1234@gmail.com*

***Article History**: Submitted: 19 April 2024, Reviewed: 10 June 2024, Accepted: 9 August 2024*

## लेखसार

जीवन र जगत्का बारेमा अध्ययन अनुसन्धान र विश्लेषण गरी सत्यको खोजी गर्ने शास्त्रलाई दर्शनशास्त्र भनिन्छ । यसको विश्लेषणको आधार तार्किक, वस्तुनिष्ठ, यथार्थ र वैज्ञानिक हुन्छ । दर्शनलाई पूर्वीय र पश्चिमा, आध्यात्मवादी र भौतिकवादी तथा विभिन्न विधाका आधारमा अध्ययन विश्लेषण गरिन्छ । दर्शन व्यक्ति केन्द्रित, समाज केन्द्रित, वर्गीय र विश्वव्यापी हुन्छ । भौतिकवादी दर्शनको उदय प्राचीनकालदेखि भएको मानिन्छ । आधुनिक युगमा मार्क्सवादी दर्शन द्वन्द्वात्मक भौतिकवादमा आधारित वैज्ञानिक विश्व दर्शन हो । यस दर्शनको जीवन र जगत्लाई हेर्ने दृष्टिकोण वैज्ञानिक समाजवाद हो । यसका प्रणेता कार्ल मार्क्स हुन् । यस दर्शनको अभ्यास र प्रभाव प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सर्वत्र छ । यस आलेखको उद्देश्य मार्क्सवादी दर्शनमा आधारित द्वन्द्वात्मक भौतिकवादको दार्शनिक तथा सैद्धान्तिक पक्षको अध्ययनका साथ साथै नेपालमा यसको अभ्यासका केही दृष्टान्तका बारेमा विश्लेषण गर्ने रहेको छ । यस अध्ययनमा द्वितीय स्रोतको प्रयोग गरिएको छ ।

***शब्दकुञ्जिका*** *: मार्क्सवादी दर्शन, द्वन्दात्मक भौतिकवाद, वैज्ञानिक समाजवाद, समुन्नत समाज ।*

## Abstract

The objectives of this paper are to examine the theoretical and philosophical underpinnings of dialectical materialism, which is founded on Marxist philosophy, as well as to examine certain instances of its application in Nepal. This study made use of secondary sources. Philosophy is the study of the world and life via investigation and interpretation in an effort to discover the truth. Its analysis is grounded in reason, objectivity, realism, and science. Studying and analyzing philosophy involves contrasting Eastern and Western, spiritualist and materialist perspectives, as well as other genres. Philosophy is universal, class-based, person-

centered, and society-centered. The origins of materialistic philosophy are thought to have occurred in antiquity. Marxist philosophy is a scientific worldview founded on dialectical materialism in the modern era. This philosophy adopts a scientific socialist perspective on life and the universe. The founder of it is Karl Marx. This ideology is used everywhere and has an indirect or direct impact on people.

***Keywords:*** *Marxist philosophy, dialectical materialism, scientific socialism, advanced society.*

## विषय प्रवेश

संसारमा मानवीय जीवनलाई सुखी र खुशी बनाउने विभिन्न दर्शन र सिद्धान्तहरु प्रतिपादन भएका छन् । ती सिद्धान्तहरु मध्ये विशेष गरी अध्यात्मवादी दर्शन र भौतिकवादी दर्शनको प्रभाव व्यापक रहेको छ । यस आलेखमा मार्क्सवादी दर्शनका वारेमा सामान्य चर्चा गरिन्छ । दर्शन प्रकृति, ईश्वर, ज्ञान, विज्ञान, वस्तु, जीवन र चेतनाको विवेचना र विश्लेषण गरिने विद्या हो (आफनास्येभ, २०६७) । दर्शनले आध्यात्मिक तथा भौतिक वस्तुको चिन्तन मनन तथा विश्लेषण गर्दछ । अध्यात्म र भौतिक पक्ष पक्षान्तरको व्याख्या र विवेचना गर्ने, जीवन र प्रकृतिका आन्तरिक तथा बाह्य तत्वहरूका बारेमा चिन्तन र अध्ययन गर्ने शास्त्रलाई दर्शनशास्त्र भनिन्छ (शिवाकोटी, २०७०) । दर्शन भन्नाले कुनैपनि वस्तुलाई हेर्ने दृष्टिकोण हो । सत्यको अनुभूति गर्नु नै दर्शन हो । यसमा मानव दृष्टिकोण हुन्छ । व्यवहारिक र विश्लेषणात्मक दृष्टिकोण हुन्छ । दर्शनलाई स्थानका आधारमा पूर्वीय दर्शन र पाश्चात्य दर्शन, आस्था र विश्वासका आधारमा अध्यात्मवादी र भौतिकवादी दर्शन, धर्मका आधारमा हिन्दु दर्शन, बौद्ध दर्शन आदि र विषय वस्तुका आधारमा राजनीतिशास्त्र, अर्थशास्त्र, भौतिकशास्त्र आदि भनिन्छ । दर्शन व्यक्ति केन्द्रित दृष्टिकोण, वर्गीय दृष्टिकोण, सामाजिक दृष्टिकोण र विश्व दृष्टिकोण (Universal Philosophy) का आधारमा निर्माण भएका हुन्छन् (दाहाल, २०८०) ।

दर्शनले उच्च र आदर्श जीवनका लागि पथ प्रर्दशन गर्दछ । प्रत्येक व्यक्तिले जीवन र जगत्लाई हेर्न तथा बुझ्न चाहन्छ (शिवाकोटी, २०७०) । दर्शनशास्त्र हरेक विचारको व्यवस्थित दृष्टिकोण वा सोचाइ हो । यो मानवीय जीवन पद्धतिका समस्याको समाधान गर्ने तर्कपूर्ण आधार हो । यो ज्ञान, विवेक, मूल्य-प्रणाली र विश्वासको व्याख्या गर्ने विधि हो । दर्शनशास्त्र शाश्वत सत्य र पर-वास्तविकताको सिद्धान्त हो । दर्शनशास्त्र सान्दर्भिक सत्य-तथ्यको व्यवस्थित विचार हो । दर्शनशास्त्र सत्यको विश्लेषणात्मक स्वरूप हो । यसले वैज्ञानिक खोज, अनुसन्धान र चिन्तनप्रतिको यथार्थतालाई उजागर गर्दछ । दार्शनिक चिन्तनले जीवन र जगत्का मानवीय मूल्य, मान्यताहरूलाई व्यवस्थित रूपमा अध्ययन विश्लेषण गरी वास्तविकताको दिग्दर्शन गराउदछ । दर्शन भनेको देख्नु हो, जसरी देखिन्छ त्यो नै दर्शन हो । दर्शनशास्त्रका विश्लेषणवादी र व्यवहारवादी दृष्टिकोण हुन्छन् (दाहाल, २०७९) ।

हिन्दु दर्शनले ज्ञान, भक्ति र कर्मको आधारमा आत्मानुसन्धान गर्न उत्प्रेरित गर्दछ । म को हुँ ? यो विश्व कसरी बनेको हो ? म र यो विश्वका बीचमा के कस्तो सम्बन्ध छ ? परमतत्वको अस्तित्व छ कि छैन ? जीवन र जगत् के हो ? नैतिकता के हो ? (उपाध्याय,२०६९, पृ. २१) । म कहाँबाट आएँ र कहाँ जाने भन्ने सम्बन्धी विश्व दृष्टिकोण पूर्वीय दर्शन हो । दर्शनले समाजको उत्पत्ति, विकास र परिवर्तनबारे अध्ययन गर्दछ । यो सार्वभौम दृष्टिकोण पनि हो । खुला आँखाले नभएर मानिसको अन्तर मन र चेतनाबाट देख्नु र बुझ्नुलाई दर्शन भनिन्छ (शिवाकोटी, २०७०) । दर्शनले प्रकृति, जीवन र समाज उत्पत्ति र विकासको साथै परिवर्तनको बारेमा अध्ययन गरी दृष्टिकोण बनाउदछ । यसले यथार्थ सत्यको दर्शन गराउने काम गर्दछ । मानव समाज र सभ्यता कस्तो हुनुपर्दछ भन्ने सोच दर्शनको विषय हो । दर्शनले विचार र घटनालाई विश्लेषण गर्ने क्षमता विकास गराउँदछ । यो तार्किक ज्ञानको बौद्धिक प्रयास हो ।

## भौतिकवादको पृष्ठभूमि

पूर्वमा भौतिकवादी दर्शन चार्वाक दर्शनको नामले प्रख्यात छ । पश्चिममा आधुनिक भौतिकवाद मार्क्सवादका नामले उदय भएको देखिन्छ । यसको विकास कार्ल मार्क्सले अठारौं शताब्दीमा गरेका थिए । यसरी पूर्वमा चार्वाक र पश्चिममा मार्क्सवादबाट भौतिकवादको विकास भएको पाइन्छ । द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोणका आधारमा समाजको स्थापना हुन्छ भन्ने मार्क्सको सिद्धान्त हो । यो सिद्धान्तको प्रयोग विभिन्न देशहरुमा भइसकेको छ । यसले प्रत्यक्ष र परोक्ष रुपमा मानव समाजमा प्रभाव पारेको देखिन्छ ।

द्वन्द्वात्मक भौतिकवादका प्रणेता कार्ल माक्स हुन् । उनले आफ्ना मित्र एङ्गेल्सको सहयोगमा सन् १८४८ मा कम्युनिस्ट घोषणा पत्र निर्माण गरेका थिए । उनले हेगेलद्धारा प्रतिपादित द्वन्द्ववाद र फायरवाखको भौतिकवादको गहन अध्ययन गरी यी दुई वादको फयुजनबाट द्वन्द्वात्मक भौतिकवादको विकास गरेका हुन् ।

मार्क्सले द्वन्दवादलाई हुबहु नक्कल नगरी त्यसलाई सुधार गरेर प्रयोगमा ल्याएका छन् । मार्क्सकै शब्दमा भन्नुपर्दा - हेगेलका लेखहरूमा द्वन्द्वात्मकता टाउकाले उभिएको छ । यदि त्यसबाट मुख्य सार खोज्नु छ भने त्यसलाई खुट्टाले उभ्याउनुपर्छ । (I found the Hegalian dialectic standing on its head. I put it on its foot (Dogan, 2018)) । हेगेलले द्वन्द्वमा विचारलाई मूल तत्व र पदार्थलाई गौण तत्वको रूपमा प्रस्तुत गरेका छन् । वास्तवमा मार्क्सले आफ्नो भौतिकवादी दृष्टिकोणलाई प्रस्ट पार्नका लागि हेगेलको द्वन्द्ववादका सामान्य प्रकृतिलाई स्वीकार गरेका छन् तर त्यसमा निहित आदर्शवादी दृष्टिकोणलाई अस्वीकार गरेका छन् । हेगेलका अनुसार सम्पूर्ण संसार एउटा निरपेक्ष विचारको अभिव्यक्ति हो तर मार्क्सका लागि भौतिक पदार्थ नै संसारको आधार हो (मार्क्स, १९८७) । मार्क्स भन्दछन्- सम्पूर्ण प्रकृति, अति साना वस्तुदेखि लिएर अति विशाल वस्तुसम्म पनि अस्तित्वमा आउन र अस्तित्वबाट लोप हुनका लागि अविरल गतिमा छन् । मार्क्सवादले पदार्थ मस्तिष्कको उपज होइन, बरु मस्तिष्क नै स्वयं पदार्थको उच्चतम उपज हो भन्दछ । मार्क्सको के दृढ विचार छ भने चेतनाले मानिसको अस्तित्व निश्चित गर्दैन, बरु मानिसको चेतना उसको सामाजिक अस्तित्वद्वारा निर्धारित हुन्छ । मार्क्सको विचारमा मानिसको मस्तिष्क, आत्मा आदि सबै पदार्थका अति विकसित रूप हुन् (मार्क्स, १९८७) । विचार मस्तिष्कबाट उत्पन्न हुन्छ तर स्वयम् मस्तिष्क पनि पदार्थ तत्वबाट बन्दछ । यसप्रकार मार्क्सद्वारा प्रतिपादित द्वन्द्ववाद भनेको अन्तरविरोधहरूको अध्ययन हो र विकास भनेको पनि विरोधी कुराहरूको आपसी सङ्घर्षको परिणाम हो । यसरी गतिशील भौतिक तत्ववीच एकता, संघर्ष, एकमा आएको परिवर्तनबाट अर्कोमा परिवर्तन हुन्छ भन्ने सिद्धान्त नै द्वन्द्वात्मक भौतिकवाद हो ( शिवाकोटी, २०७०) । पदार्थमा गतिशीलता, परिवर्तनशीलता र विरोधी तत्वहरुबीच एकता हुन्छ ।

मार्क्सले सर्वहारा मजदुरवर्ग र बुर्जुवा पूँजीवादी वर्गबीचको संघर्षबाट समाजवादको स्थापना हुन्छ भनेका छन् । यी दुई वर्ग बीचको द्वन्द्वले नयाँ समाजको स्थापना हुन्छ । यसरी स्थापना हुने समाजमा सर्वहारा वर्गको अधिनायकत्व कायम हुन्छ । उनको यस सिद्धान्तलाई लेनिनले व्यवहारिक रुप प्रदान गरी समाजवादको स्थापना गरेका हुन् । लेनिनले मार्क्सवादको व्याख्या र त्यसलाई विकसित रूपमा प्रयोग गरेका हुन् । उनले मार्क्सवादी दर्शनलाई व्यवहारिक रुप दिई सोभियत संघ रुसमा समाजवादको स्थापना गरेका थिए । समाजवादी लोकतन्त्रमा सर्वहारा मजदुरवर्गको अधिनायकत्व कायम (Dictatorship of the Proletariat) गरिएको थियो (Draper, 1987) । चीनमा माओले जनवादी केन्द्रीयताका आधारमा जनताको सर्वोत्तम हितका लागि नौलो जनवाद हुँदै समाजवादी व्यवस्था स्थापना गरेका थिए (MaoZedong, 1937) । उदारवादी लोकतन्त्रमा बहुमतका नाममा अल्पमतको शासन हुन्छ । सर्वहारा वर्गको अधिनायकत्व भएको शासनमा बहुमतको शासन हुन्छ । किनकि बहुसख्यक सर्वहारा मजदुरवर्ग र किसान वर्गको त्यो शासन व्यवस्थामा सम्मान हुन्छ भन्ने लेनिनको विचार हो ( लेनिन, १९८५) । मार्क्सवाद र लेनिनवादमा लोकतान्त्रिक केन्द्रीकरण हुन्छ अर्थात् मार्क्सवाद र

लेनिनवादमा जनवादी केन्द्रीयता कायम हुन्छ । यसको अर्थ नीति निर्माण जनमतका आधारमा गरिन्छ । यसरी निर्माण गरिएको नीतिलाई केन्द्रले निर्णय गरी कार्यान्वयन गर्दछ ।

पुष्पलालले नेपाल कम्युनिस्ट पार्टीको स्थापना गरी यसको सैद्धान्तिक र व्यवहारिक आधार खडा गरेका थिए । नेपालको कम्युनिस्ट आन्दोलन कहिले विभाजन त कहिले एकीकरण गरी मूलधार समाउने प्रयास गरेको छ । मार्क्सवादको नवीन व्याख्या मदन भण्डारीको अगुवाइमा भयो (नेकपा एमाले, २०४९) । जसले जनताको बहुदलीय जनवादलाई नवीन रुप दिए । मनमोहन अधिकारीको नेतृत्वमा बनेको नेपालको इतिहासको पहिलो बामपन्थी कम्युनिस्ट सरकारले सामाजिक न्यायमा आधारित जेष्ठ नागरिक भत्ता, विभिन्न अभियान र आफ्नो गाउँ आफै बनाऊ जस्ता कार्यक्रमहरु नीति बनाई सञ्चालन गरेको थियो । त्यसैगरी जनयुद्धको माध्यमवाट नेपाल कम्युनिस्ट पार्टी माओवादी संविधानसभाको पहिलो निर्वाचनमा जनमतका आधारमा सबैभन्दा ठूलो राजनीतिक दलको रुपमा स्थापित भएको थियो । यो पार्टीको एक्काइशौं शताब्दीको जनवादी कार्यक्रम रहेको थियो (नेकपा माओवादी केन्द्र, २०७८ ) । नेपाली जनताको भावना अनुरुप नेपालका दुई ठूला कम्युनिस्ट पार्टी साझा प्रतिबद्धता अर्थात् घोषणा पत्रका आधारमा वि.सं. २०७४ मा आमनिर्वाचनमा भाग लिएका थिए । त्यसैका आधारमा झण्डै दुइ तिहाइ बहुमत सहित निर्वाचित भए । यी दुई राजनीतिक दलले पार्टी एकीकरण गरी नेपाल कम्युनिस्ट पार्टी (ने.क.पा.) निर्माण गरे । यस पार्टीको संसदीय दलको नेता के पी शर्मा ओलीको नेतृत्वमा सरकार बनेको थियो । सुखी नेपाली समृद्ध नेपाल निर्माण गर्ने अभियानका साथ यो सरकार अगाडि बढेको थियो । तर पाँच वर्षको जनमत प्राप्त भएतापनि आन्तरिक र व्याह्य कारणले पुरा समय कार्य गर्न सकेन ।

मार्क्सवादी दर्शन द्धन्दात्मक भौतिकवादी दर्शन हो । यो दर्शन प्रगतिशील र परिवर्तनकारी दर्शन हो । यसलाई राजनीतिक भाषामा क्रान्तिकारी दर्शन पनि भनिन्छ । यो वैज्ञानिक समाजवादी दर्शन हो । यो दर्शनले विश्वव्यापी रुपमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभाव पारेको छ । नेपालमा मार्क्सवादी दर्शनमा विश्वास गर्ने नेपाल कम्युनिस्ट पार्टीको स्थापना भएको पचहत्तर वर्ष भएको छ । नेपालमा कम्युनिस्ट पार्टी स्थापना गरी मार्क्सवादको व्याख्याका आधारमा जनताको बहुदलीय जनवादी कार्यक्रम नेकपा एमालेले ल्याएको थियो । यही पार्टीले जनमतका आधारमा नेपाल सरकारको नेतृत्व गरी केही प्रगतिशील सुधार गरेको छ ।

## अध्ययनको उद्देश्य र अनुसन्धान विधि

यस अध्ययनको उद्देश्य मार्क्सवादी दर्शन र नेपालमा यसको अभ्यास सन्दर्भमा रहेको छ । यस अध्ययनमा ऐतिहासिक, विवरणात्मक, वर्णनात्मक र विश्लेषणात्मक आधारहरु प्रयोग गरिएको छ । यो अध्ययनमा द्वितीय स्रोतको प्रयोग गरिएको छ । दर्शन, मार्क्सवादी दर्शन, जर्नल लेखहरु, अनुसन्धान प्रतिवेदन र पुस्तकहरुको आधारमा तथ्याङ्क संकलन गरी विश्लेषण गरिएको छ ।

## पूर्व साहित्यको अध्ययन

दाहाल (२०८०) ले दर्शन, दार्शनिकहरु, मार्क्सवाद, लेनिनवाद र माओवादका वारेमा चर्चा गरेका छन् । विशेष गरी यसमा मार्क्सको द्धन्द्धात्मक भौतिकवादको वारेमा विशद् विश्लेषण गरिएको छ । दाहाल (२०७०) ले मार्क्सवादी दर्शन र यसको विश्वव्यापीकरणका सन्दर्भमा उल्लेख गरेको पाइन्छ । पुष्पलाल स्मृति प्रतिष्ठान (२०५३) ले नेपाल पार्टी दस्तावेज संग्रह नामक ग्रन्थको प्रकाशित गरेको छ । यस ग्रन्थमा नेपालमा कम्युनिस्ट पार्टी स्थापना र विकासका साथ साथै कम्युनिस्ट पार्टीका विभिन्न महाधिवेशनका दस्तावेजहरुका वारेमा चर्चा गरेको छ । साथै नेपालमा समाज परिवर्तनका लागि संयुक्त जनआन्दोलनको आवश्यकताका वारेमा विश्लेषण गरिएको छ । यो नेपालको कम्युनिस्ट आन्दोलनको महत्वपूर्ण सामग्री हो । आफानास्येभ (२०६७) ले भौतिकवादी दर्शन र यो दर्शन निर्माणमा मार्क्सको विशिष्ठ योगदानका वारेमा उल्लेख गरेका छन् । के.सी. (२०६५) ले नेपालमा

कम्युनिस्ट पार्टीहरुको इतिहास र विकासका वारेमा आलोचनात्मक तवरले विश्लेषण गरेका छन । भुसाल (२०६८) ले ऐतिहासिक भौतिकवाद, द्वन्दात्मक भौतिकवाद, निषेधको निषेधका वारेमा विश्लेषण गरेका छन् । पन्त र प्रभात (२०७२) ले मार्क्सवाद र यसको आवश्यकता, द्वन्दात्मक भौतिकवाद, वर्गीय आन्दोलन, शासक र शोषित वर्गको द्वन्दवाट नयाँ समाजवादी समाजको स्थापना लगायतका विभिन्न शीर्षकका वारेमा चर्चा परिचर्चा गरेका छन् ।

शर्मा (२०७२) ले ऐतिहासिक विकासको गतिशील तत्व पदार्थ, सर्वहारा वर्गका चेतना, मार्क्सवादका मुख्य आशयमा रहेका विविधताहरु लगायतका विषयमा चर्चा गरेको छ । प्रभात (२०७४) ले विभिन्न दर्शन, मार्क्सवाद र प्राकृतिक भौतिकवादका सन्दर्भमा व्याख्या विश्लेषण गरेका छन् । आचार्य (२०७३) ले पौरस्त्य दर्शनमा भौतिकवादका सन्दर्भमा व्याख्या विश्लेषण गरेका छन् । प्रभात (२०७०) ले दर्शन र मार्क्सवादी ज्ञान सिद्धान्तको सङ्क्षिप्त परिचय सहित विभिन्न विद्वानहरुका रचनाहरुलाई विश्लेषण गरेका छन् । यसमा पूर्वीय दर्शनको पहिलो प्राचीन भौतिकवादी दर्शन (चार्वाक दर्शन) का वारेमा व्याख्या विश्लेषण गरिएको छ ।

भुसाल (२०६४) ले नेकपा एमाले, नेकपा माओवादी र कम्युनिस्ट आन्दोलनसँग प्रश्न भन्ने सन्दर्भमा नेकपा एमाले, नेकपा माओवादीका आरोपहरुका वारेमा चर्चा परिचर्चा गरिएको छ । त्यसैगरी नेकपा एमाले, नेकपा माओवादीका दावी क्रान्तिका लक्ष्य र बाटोका वारेमा, नेपाल कम्युनिस्ट आन्दोलनका मुख्य सिद्धान्त र मान्यताहरुका वारेमा, कम्युनिस्ट सिद्धान्तमा वस्तुगत आधारमा आएको परिवर्तनका वारेमा, कम्युनिस्ट आन्दोलनका समस्या र शिक्षाका वारेमा, सामाजिक क्रान्तिको मार्क्सवादी आधारका वारेमा, नेकपा एमाले, नेकपा माओवादीका दृष्टिकोणको समीक्षाका वारेमा र नेपाली क्रान्तिका वारेमा विश्लेषण गरिएको छ ।

## परिणाम र छलफल

### मार्क्सको द्वन्द्वात्मक भौतिकवाद (Dialectic Materialism)

द्वन्द्ववाद (Dialetics) भनेको ग्रिक भाषाका Dialego बाट बनेको शब्द हो जसको अर्थ हुन्छ - वादविवाद । परस्पर विरोधी विचारहरूबीचको वादविवादबाट नै सत्य उद्घाटित हुन्छ भन्ने दार्शनिक मान्यतालाई नै द्वन्द्ववाद भनिन्छ (Therborn, 2018) । भौतिकवाद भनेको पदार्थ नै अन्तिम सत्य हो भन्ने दार्शनिक चिन्तन हो (Baxter, 2004) भौतिकवाद पनि यान्त्रिक भौतिकवाद र द्वन्द्वात्मक भौतिकवाद गरी दुई प्रकारको हुन्छ । यान्त्रिक भौतिकवादका अनुसार भौतिक पदार्थको विकास वातावरणको प्रभावमा परेर हुन्छ तर द्वन्द्वात्मक भौतिकवादका अनुसार पदार्थमा आउने परिवर्तन त्यसको आन्तरिक स्थितिबाट निर्धारित हुन्छ । द्वन्द्वात्मक भौतिकवाद कार्ल मार्क्सको सम्पूर्ण राजनीतिक दर्शनको आधारशीला हो । यो दर्शन द्वन्द्ववादमा आधारित भएकाले नै मार्क्सले आफ्नो भौतिकवादलाई द्वन्द्वात्मक भौतिकवाद भनेका हुन् । द्वन्द्वात्मक भौतिकवादका लागि पदार्थ गतिशील वस्तु हो । जसमा आफ्नो आन्तरिक आवश्यकताका कारणले गति हुन्छ । मार्क्सले पदार्थलाई सृष्टिको मूल तत्व मानेका छन् । पदार्थ गतिशील हुन्छ । पदार्थमा हुने गतिशीलता नै सम्पूर्ण सृष्टि, विकास तथा परिवर्तनको कारण हो । संसारमा भएका कुनै पनि वस्तु नष्ट हुँदैनन् तर परिवर्तन हुन्छन् । पहिलाको रुप परिवर्तन भै नयाँ रूपमा जान्छ । यो क्रम निरन्तर चलिरहन्छ भन्ने सिद्धान्त नै भौतिकवाद हो । ठोस, तरल, ग्याँस अवस्था रहेको भौतिक वस्तु नै पदार्थ हो (Spirkin, 1983) । अभौतिक अवस्थामा रहने शक्तिका प्रकारहरू जस्तै : प्रकाश शक्ति, ताप शक्ति पनि पदार्थ कै रुप हुन् । अणु परमाणु देखि लिएर ब्रह्माण्डसम्म सबै पदार्थका रचना हुन् भन्ने मार्क्सको भौतिकवादी दृष्टिकोण रहेको छ । जस्तैः वस्तुमा जीव, निर्जीव सबै पदार्थबाटै बनेका वस्तु हुन् । द्वन्द्वात्मक भौतिकवाद दुई शब्द मिलेर बनेको छ । पहिलो द्वन्द्वात्मक शब्दले सृष्टिको विकासको पक्रियालाई स्पष्ट गर्दछ भने अर्को शब्द भौतिकवादले सृष्टिको मूल तत्वलाई संकेत गर्दछ । त्यसैले मार्क्सले सृष्टिको मूल तत्वको केन्द्र पदार्थलाई मानेका

छन् । संसारका सबै समस्याको समाधान द्वन्द्वात्मक पक्रियाद्धारा हुन्छ । साथै कुनै वस्तुमा आउने परिवर्तन वा विकास द्वन्द्व प्रक्रियाबाट हुन्छ भन्ने दृष्टिकोण नै मार्क्सवादी दृष्टिकोण  हो ।

सन् १८५६ मा मार्क्सको कृति राजनीतिक अर्थशास्त्र आलोचनाको पहिलो खण्ड प्रकाशित भएको थियो । यसको भूमिकामा मार्क्सको प्रभावशाली विचार ऐतिहासिक भौतिकवादको व्याख्याको सार पाइन्छ । मानिसको आफ्नो जीवनमा सामाजिक उत्पादनको क्रममा निश्चित, अनिवार्य, उनीहरूको इच्छामा भर नपर्ने सम्बन्धहरू– उत्पादन सम्बन्धहरू जोड्छन् र यस्ता सम्बन्धहरू उनीहरूका भौतिक उत्पादन शक्तिको विकासको निश्चित स्तरअनुरुप हुन्छन् । यिनै उत्पादन सम्बन्धहरूको जम्मा जोडले समाजको आर्थिक ढाँचा बनाउँछ । यस वास्तविकताका आधारमा न्यायिक तथा राजनीतिक अध्याय खडा भएको हुन्छ र सामाजिक चेतनाका निश्चित रुपहरू पनि यसैका अनुरुप हुन्छन् (मार्क्सको जीवनी, सन् १८८६) । भौतिक जीवनको उत्पादन पद्धतिले आम जीवनकै सामाजिक, राजनीतिक तथा बौद्धिक प्रक्रियाहरू निर्धारित गरेको हुन्छ । मानिसहरूको चेतनाले उनीहरूको जीवनवृत्ति निरुपण गर्ने होइन, उल्टो उनीहरूको सामाजिक जीवन वृत्तिले उनीहरूको चेतना निरुपण गर्दछ । विकासको निश्चित स्तरमा पुगेपछि समाजका भौतिक उत्पादनका शक्तिहरू र वर्तमान उत्पादन सम्बन्धहरू बीच अर्थात् स्वामित्वका सम्बन्धहरूबीच, अहिलेसम्म यिनीहरूको विकास हुँदै थियो र जुन यसैको वैधानिक अभिव्यक्ति थियो । यी सम्बन्धहरू अब उत्पादन शक्तिको विकासको साधनको साटो यिनको लागि बाधा बन्न पुग्दछन् । यस किसिमले सामाजिक क्रान्तिको युग शुरु हुन्छ । आर्थिक आधार बदलिंदै सामाजिक संरचनामा धेरथोर छिटो परिवर्तन हुन थाल्छ  (मार्क्सको जीवनी, सन् १८८६) ।

दार्शनिक हिसाबले द्वन्द्ववाद भनेको वाद (Thesis), प्रतिवाद (Antithesis) र संवाद (Synthesis) को निरन्तर पक्रिया हो (Lefebvre, 2009) । यसलाई मार्क्सवादी दर्शनले कुनै पनि समाजमा विकासको बाटो द्वन्द्वात्मक हुन्छ भनी विश्लेषण गर्दछ । समाज एउटा खास वर्ग र त्यसको विचारधाराबाट चलेको हुन्छ । जसलाई द्वन्द्ववादका भाषामा वाद भनिन्छ । त्यही समाजका गर्भबाट त्यस वादको विरोधी शक्ति उत्पन्न हुन्छ जसलाई प्रतिवाद भनिन्छ । विस्तारै यी दुईका बीचमा द्वन्द्व चल्न थाल्छ र यो अन्तरविरोध निर्णायक बिन्दुमा पुगेपछि दुइटैका असल तत्व मिलेर संवाद बन्दछ । फेरि यो संश्लेषण नयाँ वाद बन्दछ । वाद, प्रतिवाद र संवादको नयाँ शृङ्खला शुरु हुन्छ । यसप्रकार द्वन्द्ववाद एउटा निरन्तर प्रक्रियाका रूपमा समाजमा तबसम्म चलिरहन्छ जबसम्म समाज वर्गविहीन हुँदैन । प्रकृति भित्र सधैं नयाँ पदार्थ उत्पन्न र विकास हुन्छ । यसरी पुरानो वस्तु नष्ट हुने र नयाँ वस्तु उत्पत्ति हुने पक्रिया निरन्तर चलिरहन्छ । त्यसैले विश्वलाई बुझ्न र त्यसको प्रकृति बुझ्न यसको गतिशिलता, विकास र परिवर्तनको नियममा ध्यान दिनु पर्दछ । तब मात्र कुनै पनि वस्तुले पुरानो गुण छोडी नयाँ गुण ग्रहण गर्ने यथार्थता बुझिन्छ । हरेक वस्तु भित्रको तत्व र तत्व भित्रै रहेको अन्तरविरोधी वा परस्पर विरोधी संघर्षबाट वस्तुको गुणमा परिवर्तन हुन्छ । मार्क्स भौतिकवादी भएकाले सृष्टिको एक मात्र तत्व पदार्थ हो । पदार्थ भनेको जड वस्तु हो । यसलाई प्रकृति वा भूत पनि भनिन्छ । मार्क्सले पदार्थलाई द्वन्द्वात्मक रुपको विश्लेषणमा जोड दिएका छन् । चेतना वा विचार पनि पदार्थको विकसित रुप हो । अध्यात्मवादीहरूले सारा सृष्टि विचार वा चेतनालाई मानेका छन् । त्यसैले यसलाई अध्यात्मवाद भनिएको छ (शिवाकोटी, २०७०) । विशेष गरी सृष्टिको मुल तत्वको वारेमा सबै युगमा खोज अनुसन्धान भए यद्यपि नविन कुरा प्राप्त गर्न नसकेपछि सृष्टिको उत्पत्ति ईश्वर वा परमात्माले गरेका हुन् भन्ने दृष्टिकोणका आधारमा अध्यात्मवादी चिन्तन विकास भएको हो । तथापि मार्क्सवादले यसको खण्डन गर्दै स्वयम ईश्वरलाई समेत पदार्थको प्रतिविम्ब मानेको छ । विचार पदार्थको उपज हो । यो परिवर्तनशिल छ । यसलाई कसैले रोक्न सक्दैन भन्ने मार्क्सको भौतिकवादी दृष्टिकोण हो । हेगेल अध्यात्मवादी भएकाले मानिसको विचार सधैं एकैनास रहदैन । यो गतिशिल हुन्छ । त्यसैले मानिसको पहिलो विचार वाद हो । त्यही वादको समर्थन वा विरोधमा अनेक विचारहरू उत्पन्न हुन्छन् । यसरी उत्पन्न हुने विचार प्रतिवाद हुन । प्रतिवादलाई दोस्रो विचारको रूपमा लिन सकिन्छ । यी दुई वाद र प्रतिवादको विच सम्झौता भएर जन्मने सम्वाद हो । यो हेगेलको विचार हो । मार्क्सले यसलाई जस्ताको त्यस्तै प्रयोग नगरी हेगेलको विचारको ठाउँमा पदार्थ राखेका छन् । मार्क्सले पदार्थ नै सत्य

मानेका छन् । पदार्थ पदार्थकै विचमा अन्तरद्वन्द हुन्छ अर्थात विपरित तत्वका विच संघर्ष हुन्छ । त्यो संघर्षबाट नयाँ समाजको वा नयाँ वस्तुको उत्पत्ति हुन्छ (Sehgal, 2020)।

## द्वन्दात्मक भौतिकवादका आधारभूत विशेषताहरू

गतिशीलता : हरेक वस्तु गतिशील हुन्छ किनकी वस्तुको निर्माण पदार्थबाट भएको हुन्छ । पदार्थको गुण नै गतिशीलता हो । प्रकृतिमा रहेका हरेक वस्तु गतिशील हुन्छन् भन्ने मार्क्सको धारणा हो मार्क्सको द्वन्द्वात्मक भौतिकवादको सिद्धान्तले गति विनाको वस्तु नै हुँदैन भन्दछ । जस्तै : माटो, ढुङ्गा, घर सबै पदार्थबाट बनेका हुन् त्यसैले सबै वस्तु गतिशील हुन्छन् । सौर्य मण्डल गतिशील छ । यो ब्रह्माण्ड पनि गतिशील छ । समाज निरन्तर गतिशील छ । समाज भित्र रहेका वर्गहरू पनि गतिशील छन् । समाज भित्रका वर्गका विचको संघर्षबाट नयाँ समाजको उत्पत्ति हुन्छ यो गतिशीलताको परिणामले हो । इलोक्ट्रन र प्रोटनले बनेका सारा जगत गतिशील छ (Guo, 2022)।

परिवर्तनशीलता : द्वन्द्वात्मक भौतिकवादको मुल आधारशीला नै पदार्थ हो । प्रकृतिमा रहेका वस्तु र समाज परिवर्तनशील छ । यो परिवर्तन सरलताबाट जटिलतातिर अभिमुख हुन्छ । हरेक वस्तु भित्रको आन्तरिक अन्तरद्वन्द्वका कारण विकास र परिवर्तन हुन्छ । एक वस्तु त्यही वस्तु भित्रको अन्तर विरोधले गर्दा गुण र परिणाममा परिवर्तन भै रहन्छ । एक वस्तु नष्ट भएर अर्को वस्तुमा परिवर्तन हुन्छ । जस्तै सामन्तवादी युग परिवर्तन भै पुँजीवादी युगमा परिवर्तन हुन्छ । पुँजीवादी युग परिवर्तन भै समाजवादी युगमा परिवर्तन हुन्छ । परिवर्तन सृष्टिको चक्र हो यो निरन्तर चलिरहन्छ । कुनै वस्तुको उद्भव, विकास र नाश हुन्छ । यसरी रुप बदलिन्छ । यो शाश्वत र स्थायी हुँदैन (Guo, 2022)।

अन्तरविरोध : पदार्थ, प्रकृति र समाजभित्र थुप्रै अन्तरविरोधहरू विद्यमान हुन्छन् । जस्तै भौतिक विज्ञानमा धनात्मक विद्युत् र ऋणात्मक विद्युत्, रसायन शास्त्रमा परमाणु सङ्गठन र विघटन, सामाजिक विज्ञानमा वर्गसङ्घर्ष भइरहन्छ । विरोधी तत्वको एकता : पदार्थ, प्रकृति र समाज सधैं विरोधी तत्वहरू मिलेर बनेको हुन्छ (Schmidt, 1977)।

अन्तरसम्बन्ध : भौतिक जगत्मा हरेक व्यक्ति, वस्तु र घटना एकअर्कासँग अन्तरसम्बन्धित हुन्छन् ( Schmidt, 1977)।

## द्वन्दात्मक भौतिकवादका निम्न नियमहरू

परिमाणात्मक र गुणात्मक परिवर्तन (Quantative to Qualitative Change)

सुरुमा परिवर्तन मात्रात्मक हुन्छ तर एउटा निश्चित बिन्दुमा पुगेपछि क्रान्ति वा अन्य कुनै प्रक्रियाद्वारा त्यसले गुणात्मक फड्को मार्छ (Sellars, 1944) । पानीको तापमान वृद्धि हुँदै जानु परिमाणात्मक परिवर्तन हो । जब तापमान १०० डिग्री सेल्सियस पुग्दछ तब पानी बाफमा परिणत हुन्छ, जुन गुणात्मक परिवर्तन हो । भूकम्प जाँदा पनि गुणात्मक परिवर्तन देखिन्छ । जस्तैः ७ रेक्टर स्केलको भूकम्प जाँदा एक अवस्था हुन्छ । जब ८ रेक्टर स्केलको भूकम्प गयो भने सयौं गुणा शक्ति उत्पन्न हुन्छ (दाहाल, २०८०) । यसरी परिमाणात्मकबाट गुणात्मकमा परिवर्तन हुन्छ । पूँजीवादी समाजमा त्यसका विरोधी शक्तिको उत्पत्ति र प्रारम्भिक विरोध परिमाणात्मक मात्र हुन्छ तर जब पूँजीपतिवर्ग र मजदुरवर्गका बीचमा निर्णायक सङ्घर्ष भई मजदुरवर्गको विजय हुन्छ तब पुँजीवादभन्दा नितान्त फरक गुणको समाज निर्माण हुन्छ । यसरी समाजमा आउने परिवर्तनले आमूल परिवर्तन गराउदछ ।

## निषेधको निषेध (Law of Negation of Negation)

द्वन्द्वात्मक भौतिकवादको नियम अनुसार पदार्थ वा प्रकृतिको विकास केही निश्चित नियमका आधारमा हुन्छ । यही नियमलाई निषेधका लागि निषेधको नियम भनिन्छ । पदार्थ, प्रकृति वा समाज जो पुराना

हुन्छन् ती नासिन्छन् र तिनको स्थान नयाँले लिन्छन् (Staal, 1962) । निषेधका लागि निषेध नियम तीन चरणमा पुरा हुन्छ र पुरानाको ठाउँ नयाँले लिन्छ । एङ्गेल्सले भनेका छन् - मकैको बीउँलाई निषेध गरेर एउटा मकैको बिरुवा उम्रन्छ । पुनः उक्त मकैको बोटलाई निषेध गरेर थुप्रै मकैका गेडाहरू फल्छन् । द्वन्द्वात्मक विकासको नियममा विरोधीहरू विचमा एकता र संघर्ष भै रहन्छ । यो संघर्ष बढ्दै जाँदा यसको मात्रात्मक परिवर्तन भै गुणात्मक परिवर्तनमा फड्को मार्दछ । यसरी मात्रात्मकबाट गुणात्मक परिवर्तन हुँदा पदार्थ नै रुपान्तरण हुन जान्छ । यसरी परिवर्तन हुँदा पुरानोलाई निषेध गरेर नयाँ चरणमा विकसित हुन्छ (शिवाकोटी, २०७०) । यसप्रकार समाजमा एकवर्गको उत्पत्तिसँगै अर्को वर्गको विनाश जोडिएको हुन्छ । जसरी सामन्त र किसान विचको संघर्षको परिणाम पूँजीवादको उदय हुन पुग्यो । सामन्तवादको गर्भमा पूँजीवाद लुकेको हुन्छ ।

विकासको क्रममा गुणात्मक रुपान्तरण हुँदा अस्तित्वको पुरानो रुप लोप हुने र नयाँ रुप प्रकट हुने, जुन प्रक्रिया हुन्छ त्यो नै निषेध हो । निषेध वस्तु वा घटनामा रहेका विपरित पक्षहरूको एकता र संघर्षमा हुने परिवर्तनको परिणाम हो । निषेधको निषेध नियमले विकासको अग्रगामी एवम् आरोही चक्रलाई प्रकट गर्दछ । यी नियम द्वन्द्वात्मक भौतिकवादका नियमहरूमध्ये सबै भन्दा जटिल नियम हो, किनभने यसमा द्वन्द्ववादका अन्य मूल नियमहरू समेत समाविष्ट हुन्छन् । निषेध एक सार्वभौम प्रक्रिया हो । प्रकृति, जीवन, समाज र चिन्तनका सबै क्षेत्रलाई यसले समेटेको हुन्छ । जगत्का वस्तुगत र मानसिक दुवै क्षेत्रमा निषेधको नियम लागु हुन्छ । अस्तित्वको कुनै पनि क्षेत्र निषेधबाट अलग हुन सक्दैन । जस्तै हाइड्रोजनका दुई वटा र अक्सिजनको एउटा परामाणु मिलेर पानी बन्दा अस्तित्वका पुराना रुप हाइड्रोजन र अक्सिजनको निषेध हुन्छ र पानी अस्तित्वमा आउँछ । पानी १०० डिग्री सेल्सियसको तापक्रममा पुगे पछि पानी निषेध हुन्छ र वाफ अस्तित्वमा आउँछ । अझ तापक्रमलाई ५०० डिग्री सेल्सियससम्म पुग्दा वाफबाट ग्यासका अणु परमाणुहरूको विनियोजन हुन्छ र प्लाज्मा अस्तित्वमा आउँछ । यसैगरी जीवन प्रक्रियामा पुराना जीवकोषहरूको निषेध गरी नयाँ जीवकोषहरूको रचना हुन्छ र जीवहरूको जन्म, विकास र मृत्यु हुन्छ । यो क्रम निरन्तर चलिरहन्छ । सामाजिक क्षेत्रमा पुराना सम्बन्ध निषेध गरेर नयाँ सम्बन्धहरू अस्तित्वमा आउदछ । पुरानो समाजलाई निषेध गरेर नयाँ समाजको स्थापना हुन्छ । दास प्रथालाई निषेध गरेर सामन्तवादी समाज, सामन्तवादी समाजलाई निषेध गरेर पुँजीवादी समाज, पुँजीवादी समाजलाई निषेध गरेर समाजवाद स्थापना हुन्छ । यसलाई यसरी पनि विश्लेषण गरी हेर्न सकिन्छ जस्तैः उपग्रह, ग्रह, सौर्य मण्डल र ब्रह्माण्ड वा आकाश गंगा एकले अर्कोलाई निषेध गरेका वा अर्को केन्द्र निर्माण भएको देखिन्छ । पृथ्वीलाई चन्द्रमाले वा पृथ्वीले सूर्यलाई र सूर्यले आकाश गंगालाई केन्द्र मानेर घुमिरहेका छन् । अर्थात् एकको केन्द्रको ठाउँमा अर्कोले निषेध गरेको देखिन्छ । पृथ्वीलाई उसको उपग्रह चन्द्रमाले परिक्रमा गरेको छ । पृथ्वीले सूर्यलाई केन्द्र मानेर परिक्रमा गर्दछ । सूर्यले आकाश गंगाको परिक्रमा गर्दछ भन्ने धारणा अस्तित्वमा आएको छ । यसरी यो क्रम चलिरहेको छ । पुरानो वस्तु विस्थापित नभइकन नयाँ स्थापित हुन सक्दैन । पुरानो विस्थापित भएर खाली भएको ठाउँमा नयाँ स्थापित हुन्छ । पुरानाको निषेधबाट गुणात्मक रुपान्तरण भई विकासको चरणमा प्रवेश संभव हुन्छ ।

आन्तरिक कारणले पदार्थको परिवर्तन (Internal Cause of the Matter to be Changed)

परिवर्तन प्रायः सधैँ पदार्थको आन्तरिक कारणले गर्दा हुन्छ, बाह्रय वातावरणले त केवल सहायकका रूपमा मात्र काम गर्दछ । कुनै पनि समाजको परिवर्तनका निर्णायक कारणहरू त्यसै समाजभित्र हुन्छन्, बाहिरी तत्वले त्यसमा सहायकको भूमिका मात्र खेल्न सक्दछ (Maurer, 2006). । नेपाली समाजमा वा नेपालको संसदीय व्यवस्थाको अभ्यासमा आन्तरिक दलीय द्वन्दलाई व्यवस्थापन गर्न नसक्नाका कारणले दुई दुई पटक नेपाली जनताले जनमतको सम्मान हुन सकेन । यो आन्तरिक कारण प्रमुख हो । आन्तरिक कारण व्यवस्थापन गर्न नसकेपछि व्याह्यकारणले मलजल गर्ने मौका मात्र पाएको हो ।

## मार्क्सको वर्गसङ्घर्ष (Class Struggle)

कम्युनिस्ट मेनिफेस्टोमा मार्क्सले लेखेका छन् -आजसम्म विद्यमान समाजको इतिहास वर्गसङ्घर्षको इतिहास हो । स्वतन्त्र मानिस र दास, अभिजातवर्ग र साधारण जनता, सामन्त र किसान, पुँजीपति र मजदुर, एक शब्दमा भन्ने हो भने शोषक र शोषितले सधैं एकअर्काका विरुद्धमा कहिले खुलेर र कहिले लुकेर निरन्तर युद्ध गरेका छन् (मार्क्स र लेनिन, १९७६) । मार्क्सका विचारमा आदिम समाजलाई छाडेर मानवजातिको इतिहासमा सदैव समाज दुई परस्पर विरोधीवर्गमा बाँडिएको छ र हरेक पुराना युगको समाप्ति र नयाँ युगको थालनी विरोधीवर्गका बीचमा सङ्घर्ष भएर नै भएको छ । मार्क्सले आफ्नो वर्गसङ्घर्षको सिद्धान्त आफ्ना समयमा पूँजीपतिवर्गले श्रमिकवर्गमाथि चलाएको शोषण र दमनचक्रको व्याख्या गर्नका लागि अघि सारेका हुन् । उत्पादनका साधनको स्वामित्वका आधारमा मार्क्सले मानव समाजलाई दुई भागमा बाँडेका छन् : बुर्जुवावर्ग र सर्वहारावर्ग । बुर्जुवावर्गले उत्पादनका साधनको स्वामित्व प्राप्त गरेको हुन्छ र त्यसै आधारमा मजदुरवर्गमाथि आर्थिक शोषण गर्न थाल्दछ । यिनीहरू आधुनिक पूँजीपतिवर्ग हुन् । जबसम्म पूँजीको विकास भै रहन्छ, तबसम्म सर्वहारावर्ग मजदुरको पनि विकास हुन्छ । मजदुरले काम पाइरहन्छ । मालिकले आफ्नो उत्पादन बजारमा बेचिरहदा यो क्रम निरन्तर चलिरहन्छ । बजारमा केही उतर चढाव आए पछि उत्पादित वस्तु विक्रि वितरण हुँदैन, त्यस अवस्थामा मजजदुरले काम पाउदैन भोक भोकै मर्ने आवस्था आउदछ । त्यसपछि मजदुरवर्ग र पूँजीपतिवर्ग बीच संघर्ष तिव्रगतिमा चल्दछ । अन्तत सर्वहारावर्गको विजय सुनिश्चित छ र समाजवादको स्थापना हुन्छ (मार्क्स र लेनिन, १९७६:३८) ।

लेनिनका अनुसार वर्ग भनेका मानिसका ती ठूला समूह हुन्, जो निश्चित ऐतिहासिक अवस्थाको उत्पादन पद्धतिमा आफ्नो स्थानको दृष्टिले, उत्पादनका साधनहरूसँगको सम्बन्ध (अधिकांश मामिलामा कानूनद्वारा प्रतिपादित एवम् निर्धारित) का दृष्टिले, श्रमको सामाजिक संगठनमा आफ्नो भूमिकाको दृष्टिले र परिणामस्वरूप सामाजिकसम्पदामा हिस्सा प्राप्तिको आकार र विधिको दृष्टिले एक अर्कोमा भिन्न हुन्छन् । वर्ग मानिसका ती समूह हुन्, जसमध्ये एउटाले सामाजिक अर्थव्यवस्थाको निश्चित पद्धतिमा आफ्नो स्थानको हैसियतले अर्काको श्रम लुट्न सक्दछ (Schmidt, 1977) ।

यस परिभाषाबाट के स्पष्ट हुन्छ भने निश्चित सामाजिक उत्पादन पद्धतिभित्र रहेका मानिसहरू उत्पादनका साधनहरूमाथिको स्वामित्व, उत्पादन कार्यमा श्रमको लगानी र उत्पादित वस्तुको हिस्सा एवम् हिस्सा प्राप्तिको तरिकाका कारणले विभिन्न समूहमा विभाजित हुन्छन् । ती समूहहरू नै वर्ग हुन् । वर्ग विभाजनका उपर्युक्त कारणहरूमध्ये पनि उत्पादनका साधनहरूमाथिको स्वामित्वको सवाल नै प्रमुख सवाल हो, किनभने अरु सवालहरू त्यसैद्वारा निर्धारित हुन्छन् ।

माथिको परिभाषाबाट यो पनि स्पष्ट भयो कि वर्गहरूमध्ये एकथरी अर्काको श्रम लुट्ने र अर्कोथरी बाध्यता वश आफ्नो श्रम अरुलाई लुटाउने हुँदा रहेछन् । यी दुई किसिमका वर्गहरूलाई अर्को शब्दमा शोषक र शोषित वर्ग भनिन्छ । हरेक वर्गीय समाजमा यस्ता मुख्य वर्गहरू हुन्छन्, जसलाई समाजका आधारभूत वर्ग भनिन्छ । दास समाजमा दास र मालिक, सामन्ती समाजमा किसान र जमिन्दार वा सामन्त र पूँजीवादी समाजमा मजदुर र बुर्जुवा पूँजीपति समाजका आधारभूत वर्ग हुन् । समाजमा आधारभूत वर्गका अतिरिक्त गौण वर्गहरूको साथै विभिन्न समूह तथा तह र तप्का समेत रहेका हुन्छन् । विभिन्न किसिमका वर्गहरू भइसकेपछि तिनीहरूका हित अहितमा विविधता हुनु स्वाभाविकै हो । हरेक वर्गले आफ्नो हित अहितमा ध्यान दिनु र आवश्यक पहल गर्नु पनि स्वाभाविकै हो । यही वर्ग हितको कारणले विभिन्न वर्गहरूका बीच अर्न्तविरोधहरू पैदा हुन्छन् । त्यसरी पैदा हुने अर्न्तविरोधहरू दुई किसिमका हुन्छन् । एउटा आधारभूत र अर्को गौण । आधारभूत अर्न्तविरोध शत्रुतापूर्ण हुन्छ र गौण अर्न्तविरोध मित्रतापूर्ण । मित्रतापूर्ण अर्न्तविरोधको समाधान मित्रतापूर्ण व्यावहारबाट गर्न सकिन्छ, तर शत्रुतापूर्ण अर्न्तविरोधको समाधान भने त्यसरी हनु सक्तैन । त्यसैले शत्रु वर्गहरूका बीच द्वन्द्व वा सङ्घर्ष हुन्छ । आ-आफ्नो वर्गीय हितका निम्ति ती एक अर्काका विरोधी वर्गहरू बीच हुने यही द्वन्द्व वा सङ्घर्षलाई वर्ग सङ्घर्ष भनिन्छ । कम्युनिस्टको तत्कालीन लक्ष्य त्यही

हो जो सर्वहारावर्गको उत्थान निम्नि उत्पादनका साधनहरू सहितको राजनीतिक सत्ता प्राप्त गर्नु हो । कम्युनिस्टहरूको सैद्धान्तिक निष्कर्ष तथा कथित जगत सुधार होइन आमुल परिवर्तन हो (मार्क्स र लेनिन, १९७६:४७) भन्ने मार्क्सवादी दर्शनको मान्यता हो ।

वर्ग सङ्घर्षका अनेक रूप हुन्छन्: वैधानिक तथा अवैधानिक, शान्तिपूर्ण तथा सशस्त्र, संसदीय तथा गैरसंसदीय आदि । वर्ग सङ्घर्षका यी रूपहरूमध्ये कतिवेला कुन रूपको प्रयोग गर्ने भन्ने कुरा परिस्थितिमा भर पर्दछ । वर्गीय हितका निम्ति राज्यसत्ता कब्जा गर्ने सङ्घर्ष वर्ग सङ्घर्षको सर्वोच्च रूप हो, जसलाई क्रान्ति भनिन्छ । समाजमा रहेका प्रतिद्वन्द्वी वर्गहरूका विचमा वर्ग संघर्ष, वर्ग द्वन्द वा वर्गीय द्वन्द्व प्रतिद्वन्द्वीका विचमा हुन्छ । समाजमा रहेका फरक फरक इच्छा समुहका वीचमा संघर्ष हुन्छ । समाजमा हुने वर्ग संघर्ष मार्क्सवाद र समाजवादका विशेषताहरू हुन् । समाजमा रहेका जनताको उस्तै उस्तै इच्छा समाजका विशेषताहरू हुन् । यी विशेषताहरू अर्थसँग सम्बन्धित हुन्छन् । मार्क्सका अनुसार समाजमा जनताका विचमा दुईवटा वर्गहरू रहेका हुन्छन् । बुर्जुवा वर्गले पुँजी र उत्पादनका साधनको नियन्त्रण गरेको हुन्छ । मजदुर वर्गले श्रम गर्दछन् उनीहरूको श्रमबाट वस्तु उत्पादन हुन्छ ।

कार्ल मार्क्स र फेडरिच एन्गेल्सका अनुसार मानव इतिहासमा दुई वर्ग विचमा संघर्ष हुन्छ । यो संघर्ष नै वर्ग संघर्ष हो (Schmidt, 1977) । कम्युनिस्ट घोषणा पत्र र पूँजीमा वर्ग संघर्षको वारेका राम्रोसँग व्याख्या गरिएको छ । वर्ग संघर्ष निरन्तर चलिरहन्छ । उद्योग पति वा वुर्जुवा वर्ग दैनिक रूपमा धनी बनि रहेको हुन्छ भने कामदार वा मजदुर वर्गलाई दैनिक ज्यालादारीका माध्यामबाट जिविका चलाउन धौ धौ रहेको हुन्छ । उनीहरूलाई ज्याला मजदुरीका अभावमा आफ्नो दैनिकी चलाउन कठिनाई हुन्छ । त्यसैले त्यस्तो नोकरी छोड्न पनि सक्दैनन् । कामदार वा मजदुरहरूले बलपूर्वक उद्योगमा काम गरिरहेका हुन्छन, तर मालिकसँग कुनै कुरा भन्दैनन् (Joppke, 1986)।

मजदुरहरूकै मेहेनत र कामका आधारमा मालिकको व्यवसाय बढिरहेको हुन्छ । बाँच्नका लागि मजदुरहरूले कडा मेहेनत र परिश्रम गरिरहेका हुन्छन् । यसको परिणाम मालिक धनी बनिरहेको हुन्छ । मालिकको काम भनेको कामदारहरूलाई काममा घोटाउनु हो र आफू भने सामान्य अफिसियल कार्य गरिरहेको हुन्छ (Schecter, 1994)।

सर्वहारावर्गको उत्पादनका साधनमाथि कुनै स्वामित्व रहेको हुन्न र यिनीहरू बाँच्नका लागि आफ्नो श्रम बेच्न बाध्य हुन्छन् । मार्क्सले निम्न कारणहरूले गर्दा पुँजीपतिवर्ग र मजदुरवर्गबीच सङ्घर्ष हुने कुरा औंल्याएका छन् : एकाधिकारको प्रवृत्ति, केन्द्रीकरणको प्रवृत्ति, राज्यसत्तामा पूँजीपतिको प्रभाव, आर्थिक सङ्कट र मजदुरहरूमाथि आर्थिक शोषण (मार्क्स, १९८६) ।

वास्तवमा पूँजीपतिवर्गले मजदुरवर्गको जति बढी शोषण गर्दछन् त्यति नै मात्रामा उनीहरूबिचको वर्गसङ्घर्ष चर्कन्छ । आफूमाथि शोषण असह्य भएपछि मजदुरवर्गले क्रान्ति गर्दछन् । मार्क्स सर्वहारावर्गको क्रान्तिमा सर्वहारावर्गकै जीत अवश्यम्भावी भएको जिकिर गर्दछन् । मार्क्स सर्वहारावर्गको क्रान्तिद्वारा पूँजीवादको अन्त्य भई समाजवादको स्थापना हुने बताउँछन् । मजदुरवर्गको सिर्जना वास्तवमा पुँजीपतिवर्गले नै गरेका हुन्छन्, जसलाई मार्क्स आफ्नो चिहान खन्नेहरूको सिर्जना पुँजीपतिवर्ग स्वयं गर्दछन् भन्दछन् । वर्गसङ्घर्षको यो सम्पूर्ण पक्रियामा मार्क्सको द्वन्द्ववादी दर्शन लागु हुन्छ । पुँजीपतिवर्ग वाद हो, मजदुरवर्ग प्रतिवाद हो, उनीहरूबीचको सङ्घर्ष परिमाणात्मक परिवर्तन संवाद हो भने सशस्त्र क्रान्तिबाट समाजवादको अभ्युदय गुणात्मक परिवर्तन हो । मार्क्सको द्वन्द्ववादी सिद्धान्तका अनुसार समाजवाद नै विकासको चरम अवस्था हो । समाजवादमा सर्वहारावर्गको अधिनायकत्व स्थापित हुन्छ । यो अधिनायकत्वले पुँजीवादका सबै अवशेषहरूको अन्त्य गरेपछि समाजवाद साम्यवादमा प्रवेश गर्छ ।

**लेनिनद्वारा सर्वहारावर्गको अधिनायकत्व (Dictatorship of the Proletariat)**

सर्वहारा मजदुरवर्ग र बुर्जुवा पूँजीवादीवर्ग विच भएको सघर्षबाट समाजमा सर्वहारावर्गको अधिनायकत्व कायम भएको समाजवादको स्थापना हुन्छ । मार्क्सको सिद्धान्तलाई लेनिनले रुसी अक्टोवार क्रान्तिद्धारा समाजवादको स्थापना गरेका थिए । लेनिनले मार्क्सवादको व्याख्या नविन तबरले विकसित रूपमा अभ्यास गरेका थिए । उनले मार्क्सवादी दर्शनलाई व्यवहारिक रुप दिई सोभियत संघ रुसमा समाजवादको स्थापना गरेका थिए । समाजवादको स्थापना गर्नु नै सर्वहारावर्गको अधिनायकत्व स्थापना गर्नु हो ।

मार्क्सले राज्यलाई एक वर्गले अर्को वर्गलाई शोषण गर्ने साधन मानेका छन् । समाजवादी क्रान्ति पछि सर्वहारावर्गको अधिनायकत्व स्थापित हुन्छ र पूँजीपतिवर्गको पतन भै समाजवादको स्थापना हुन्छ । यो समाजवादी व्यवस्थामा सर्वहारावर्गको वर्चश्व कायम हुन्छ । यो अधिनायकत्व कुनै दल विशेषको नभै श्रमजीवि जनताहरूको हक र अधिकार स्थापित हुने लोकतन्त्र हो । कम्युनिस्ट घोषणापत्रमा मजदुर वर्गद्धारा गरिने क्रान्तिको पहिलो कदम सर्वहारावर्गलाई शासक बनाउनु र लोकतन्त्र स्थापित गर्नु हो भन्ने मार्क्स र एन्गेल्स विचार हो (मार्क्स र फ्रेडरिक, १९७६) । लेनिनले मार्क्सवादलाई अझ विकसित गरी मजदुरवर्ग क्रान्तिका प्रमुख शक्ति हुन र  किसानवर्ग पनि क्रान्तिका सहयोगी शक्ति हुन् भन्ने मत प्रतिपादन गरेको देखिन्छ । तथापि यिनमा क्रान्ति पश्चात् प्राप्त राज्य व्यवस्थालाई नियन्त्रण गर्ने, वैज्ञानिक ढंगले व्यवस्थापन गर्ने सामर्थ्य हुँदैन । त्यसैले क्रान्तिपछिको नेतृत्व पेसेवर क्रान्तिकारी भावना भएका, सुव्यस्थित अनुशासन भएका, क्रान्तिको ज्ञान भएका, कम्युनिस्ट पार्टीका नेताले नै गर्नु पर्दछ भन्ने लेनिनको दृष्टिकोण रहेको देखिन्छ । उत्कृष्ट ज्ञान र कुशल नेतृत्व क्षमता भएका कम्युनिस्ट पार्टीका नेताले सर्वहारावर्गलाई नेतृत्व प्रदान गर्नु पर्छ ।

मार्क्सवादको सामाजिक राजनीतिक विचार राज्यमा सर्वहारा वर्गको अधिनायकत्व स्थापित हुन्छ वा कामदार वर्गले नै सबै राजनीतिक शक्ति नियन्त्रण गर्दछ । आर्थिक र सामाजिक रूपमा पछाडि परेका उद्योग कलकारखानामा काम गर्ने मजदुरवर्गको अधिनायकत्व कायम हुन्छ र उनीहरू कै शासन सञ्चालन भै पूँजीवादको अन्त र समाजवादको स्थापना हुन्छ । जनवादी क्रान्तिमा समाजवादी जनवादको पूर्ण विजयबाट समाजवादको स्थापना हुन्छ । सर्वहारावर्ग तथा किसानहरूको क्रान्तिकारी जनवादी अधिनायकत्व कायम हुन्छ । मार्क्सवादले सर्वहारावर्गको नेतृत्वमा सञ्चलन भएको क्रान्तिले समाजवादको स्थापना गरे पछि सर्वहारा मजदुर वर्गको स्थापना हुन्छ भनेको छ । तर सोभियत संघ रुसमा भने सबै मुलुक औद्योगीकरण भएर कलकारखाना र मेसिन काम गर्ने मजदुर मात्र थिएनन् । रुसमा किसानहरूको ठूलो हिस्सा रहेको थियो । त्यसैले समाजवादी क्रान्ति कम्युनिस्ट पार्टीको नेतृत्व र नियन्त्रणमा मजदुरवर्गले क्रान्ति सञ्चालन गरे र किसानवर्गको सहयोगमा मात्र क्रान्ति सम्पन्न भएको हुँदा समाजवादको स्थापना भै सकेपछि मजदुर र किसानवर्गको सामुहिक अधिनायकत्व स्थापित हुन्छ भन्ने लेनिनको व्यवहारवादी सिद्धान्तबाट सिद्ध भएको छ । उनले युरोपमा समाजवादको लागि परिस्थिति परिपक्क भै सकेको छ । त्यसकारण कम्युनिस्ट पार्टीले अरु कुनै समाजवादी परिवर्तनलाई स्वीकार गरेको छैन, मात्र समाजवादी क्रान्तिलाई स्वीकार गरेको छ (लेनिन, १९८५:८३) । रुसको क्रान्तिकारी सर्वहारा समक्ष एक कार्यभार रहेको थियो त्यो लोकतान्त्रिक संघर्षमा विजय हासिल गर्नु थियो । जसको निर्णायक विजयबाट युरोपेली क्रान्ति विच रहेको पारस्परिक सम्बन्धको विकास भै समाजवादी संघर्षको जनवादी पृष्ठभूमि तयार हुन्छ (लेनिन, १९८५:८४) ।

सर्वहारा वर्ग तथा किसानहरूको क्रान्तिकारी जनवादी अधिनायकत्वमा उनीहरूका संयुक्त जनशक्तिले लोकतन्त्रलाई मजवुद बनाउँदछ र प्रतिक्रान्तिलाई रोक्न सक्दछ । यदि गणतन्त्र र लोकतन्त्रको संघर्षमा सर्वहारावर्ग वाहेक किसानवर्गसँग भर पर्न नसक्ने हो भने रुसी बुर्जुवाले भीषण क्रान्ति विरोधी संघर्ष चलाउदछन् (लेनिन, १९८०:८५) । जारशाहीमाथि क्रान्तिको निर्णायक विजय हासिल गर्न सर्वहारावर्गको अग्रगामी भूमिका र किसानवर्गको सहयोग र समझदारीले मात्र संभव हुन्छ । सर्वहारा तथा किसान क्रान्तिकारी जनवादी अधिनायकत्वले सर्वहारा मजदुरवर्ग र किसान क्रान्तिकारीहरूको एकबद्ध

इच्छाशक्तिले मात्र समाजवाद र समाजवादी क्रान्तिलाई सफलतामा पुऱ्याउदछ भन्ने लेनिनको धारणा हो । यो मजदुर र किसानको एकबद्ध इच्छा शक्तिले, वर्गसंघर्षले, जनवादी गणतन्त्रको संर्घषले समाजवादको स्थापना अवश्यम्भावी भएको छ (लेनिन, १९८०:८६) । संसारका अरु सब कुरा जस्तै सर्वहारा तथा किसान क्रान्तिकारी जनवादी अधिनायकत्व उनीहरूको तानाशाही र भुदास प्रथा र राजतन्त्र विरोधी उनीहरूको एउटै स्वार्थ हुन्छ । समाजवादी जनवादीहरूले एक मिनेट पनि यो कुरा विर्सन हुँदैन । सर्वहारावर्गले सबै भन्दा बढी जनवादी र गणतन्त्रवादी बुर्जुवा वर्गको विरुद्ध पनि समाजवादको स्थापनाका लागि वर्ग संघर्ष गर्नु पर्दछ (लेनिन, १९८०:८७) । ठोस परिस्थितिमा ठोस राजनीतिक लक्ष्य निर्धारण गर्नु पर्दछ । सबै कुरा सापेक्ष छन् । सब कुरा परिवर्तनशील छन् । रुसी तानाशाहीको विरुद्ध संघर्ष पुरा हुने छ, रुसमा जनवादी क्रान्तिको युग समाप्त हुनेछ । सर्वहारावर्ग र किसानवर्गको एकबद्ध इच्छा शक्ति बाटै जनवादी अधिनायकत्व कायम हुनेछ (लेनिन, १९८०:८८) । जनवादी क्रान्तिको निर्णायक विजयका लागि मजदुर किसान सहितका जारशाही विरोधी सबै शक्ति एकै ठाउँमा उभिनु अनिवार्य छ । यसरी निर्णायक विजयका लागि सर्वहारावर्ग र किसानहरूको क्रान्तिकारी जनवादी अधिनायकत्व बाहेक अरु केही स्थापित हुन सक्दैन भन्ने लेनिनको धारणा रहेको छ ।

## समाजवादी क्रान्ति

समाजवादी क्रान्ति एकाङ्गी क्रिया होइन, न त यो एउटै मोर्चामा मात्र एक्लो लडाइँ हो । यो तीव्र वर्गसंघर्षहरूको एक पुरा युग हो । समस्त मोर्चाहरूका अर्थनीति राजनीति सम्बन्धी समस्त प्रश्नहरू वारे हुने लडाइँहरूको एक सिलसिला हो । त्यस्ता लडाइँहरू जुन बुर्जुवावर्गको अधिकारच्यूतमा गएर मात्र पुरा हुन सक्दछ । जनवादको निमित्त संघर्षले सर्वहारावर्गलाई समाजवादी बाटोको क्रान्ति विचलित तुल्याउन सक्दछ । यसको विपरित जुन किसिमले पूर्ण जनवादको पालना विना विजयी समाजवादको अस्तित्व  संभव छैन । त्यस्तै जनवादको लागि सर्वतोमुखी, सुसंगत एवम् क्रान्तिकारी संघर्ष विना सर्वहारावर्ग पुँजीपतिवर्ग माथि आफ्नो विजयको तयारी गर्न सक्दैन (लेनिन, १९८५) ।

## मार्क्सवादी दर्शनको चीनमा प्रयोग

### नौलो जनवाद

चीनमा माओले नौलो जनवादी क्रान्ति सम्पन्न गर्दा चिनिया समाज अर्धसामन्ति र अर्धऔपनिवेशिक अवस्थामा रहेको थियो । मार्क्सवादको उद्देश्य भनेको समाजवाद हुँदै साम्यवादमा पुग्नु हो । नौलो जनवाद भनेको नविन संस्कृतिको निर्माण गर्नु हो । नविन विचार स्थापित गर्नु हो । जनताको संस्कृति, वैज्ञानिक संस्कृति र राष्ट्रिय संस्कृतिको निर्माण गर्नु हो । त्यो नविन विचार चिनिया समाजमा स्थापित गर्न मजदुर र किसानको सामुहिक अधिनायकत्वमा सामन्तवाद र औपनिवेशिकवादको अन्त गरी कम्युनिस्ट पार्टीको अगुवाइमा सम्पन्न हुने क्रान्ति नै नौलो जनवादी क्रान्ति हो । अर्को शब्दमा भन्नुपर्दा जनताको जनवादी अधिनायकत्व नै नौलो जनवाद हो । माओले चिनीया समाजमा पहिलो चरणमा जनवादी क्रान्ति (Bourgeoisie Democratic) सम्पन्न गरी नौलो जनवादको स्थापना गरे । पुँजीवादीहरूको नेतृत्वमा सम्पन्न हुने क्रान्तिले पनि गणतन्त्र स्थापना गर्न सक्दछ । त्यो भन्दा चिनिया क्रान्ति माओको नेतृत्वमा कम्युनिस्ट पार्टीले मजदुर र किसानको सहयोगमा जुन क्रान्ति सम्पन्न गरे । त्यसैगरी सोभियत रुसमा सर्वहारावर्गको अधिनायकत्वमा समाजवादी क्रान्ति सम्पन्न भएको थियो । तर चीनको सन्दर्भमा मजदुर किसानको अधिनायकत्व वा जनताको जनवादी अधिनायकत्वमा सम्पन्न क्रान्ति नै नौलो जनवादी क्रान्ति हो । नौलो जनवाद नै समाजवादी क्रान्तिको तयारी हो । नौलो जनवादी क्रान्ति सम्पन्न भै सकेपछि सामन्त तथा नोकरशाहहरूलाई दमन गर्ने कार्य नौलो जनवादीसत्ताले गर्दछ । दोस्रो चरणमा समाजवादी क्रान्ति (Socialist Revolution) सम्पन्न हुन्छ । यसको प्रयोग चीनमा माओले गरे । अर्धऔपनिवेशिकवाद र सामन्तवाद विरुद्ध क्रान्ति गरी राजनीति, नयाँ अर्थनीति र नयाँ संस्कृति निर्माण गर्न नौलो जनवाद (New Democracy) भनिएको हो । यसमा जनताको जनवादी अधिनायकत्व (People Democratic Dictetarship) स्थापित हुन्छ । जनवादी क्रान्ति समाजवादी

क्रान्तिका लागि आवश्यक तयारी हो । जनवादी क्रान्ति समाजवादी क्रान्तिको अनिवार्य परिणाम हो भन्ने माओको धारणा रहेको छ । क्रन्तिकारी वर्गको संयुक्त अधिनायकत्व गणतन्त्र हो । यो नै नौलो जनवादी गणतन्त्र हो । जनवादी गणतन्त्रमा जनताको अधिनायकत्व हुन्छ । जसको नेतृत्व मजदुर र किसानको सहयोगमा आधारित हुन्छ । यसरी चीनको वस्तुगत परिस्थितिमा माओले सन् १९४९ मा नौलो जनवाद स्थापना गरेका थिए ।

नौलो जनवाद वा नौलो जनवादी क्रान्तिको अवधारणा माओको समाजका चार वर्गका आधारमा चिनिया क्रान्ति पश्चात् निर्माण गरिएको हो । चीनमा लोकतन्त्रको स्थापना नौलो जनवादी क्रान्तिमार्फत गरिको यियो । यसमा उदारवादी पुँजीवाद र संसदीय पश्चिमा प्रजातान्त्रिक प्रणालीका साथ साथै सोभियत संघको पूर्वि युरोपका साम्यवादसँग सम्वन्धित छ नौलो जनवादी अवधारणाको उद्देश्य सामन्तवाद र उपनिवेसवादबाट मुलुकलाई स्वतन्त्र बनाउनु हो । यसको अर्थ कसरी मार्क्सवाद र लेनिनवादलाई पुँजीवादको विरुद्ध वर्ग संघर्षको माध्यमबाट आफ्नो देश अनुकुल व्याख्या गरी कार्यान्वयन गर्ने भन्नु नै हो (DMELLO, 2009) । उपनिवेशवाद र पुँजीपतिका विरुद्ध कामदारवर्ग र किसानवर्ग सँगसँगै संघर्ष गरी नयाँ समाजको स्थापना गर्नु हो । कामदार र किसानवर्गले कम्युनिस्ट पार्टीको नेतृत्वमा सञ्चालन भएको आन्दोलनले चीनमा नौलो जनवादको स्थापना  गरेको थियो । चीनिया समाजका चार वर्गका आधारमा नौलो जनवाद स्थापना गरिएको थियो । चीनमा चारै वर्गको एउटै झण्डा नौलो जनवाद थियो । चिनीया कम्युनिस्ट पार्टीको झण्डामा नै चार तारा राखिएको छ ।  चीनका चार वर्ग मजदुरवर्ग, किसानवर्ग, निम्न पुँजीपतिवर्ग, राष्ट्रिय पुँजीपतिवर्ग । यीनै चार वर्गको संयुक्त मोर्चा नै माओको नौलो जनवादी क्रान्तिका अग्रदस्ता वा निर्णायक वर्ग थिए (Lutze, 1996) । चारवर्गको संयुक्त आन्दोलनले नै उपनिवेशिक साम्राज्यको अन्त गरी लेनिनवादको नयाँ व्याख्या गरेको थियो ।

**नेपालमा मार्क्सवादको अभ्यास**

नेपालमा निरंकुश राणा शासनको अन्त गरी समता मुलक समाजको स्थापना गर्ने उद्देश्य राखी नेपाल कम्युनिस्ट पार्टीको स्थापना वि.सं २००६ मा भएको थियो । नेपालको राजनीतिक इतिहासमा १०४ वर्षे राणा शासन काललाई अकन्धकारमय युग भनिन्छ । यो शासनमा नेपाली जनताले बोल्न, लेख्न, प्रकाशन गर्न पाउदैनथे । जनताका राजनीतिक एवम नागरिक अधिकारको कुरा नै थिएन । संविधान र कानुन माथी नेपालका श्री ३ राणाहरु नै थिए । बोल्नेको जिब्रो थुतिदिने, लेख्ने र प्रकाशन गर्नेलाई जेल हाल्ने र प्रकाशन गर्न प्रतिबन्ध लगाइएको थियो । त्यसको विरुद्ध आवाज उठाउन छिमेकी मुलुक भारतमा अध्ययन गर्न गएका र परवाशमा रहेका सचेत नेपाली नागरिकहरुले नेपाल कम्युनिस्ट पार्टीको स्थापना वि.सं. २००६ मा गरेका थिए । जनताको हातमा सार्वभौमिकता जनताबाट चुनिएको संसद र जनताप्रति उत्तरदायी सरकार यो पार्टीको नीति हो । यस पार्टीका संस्थापक महासचिव पुष्पलाल हुन ( नेपाल कम्युनिस्ट पार्टी, २०७०) । यो पार्टीले वि.सं. २००७ को क्रान्तिमा नागरिक तथा राजनीतिक अधिकार र प्रजातन्त्रका लागि महत्वपूर्ण भुमिका निर्वाह गरेको थियो । यो पार्टीको तेस्रो महाधिवेशनले केशरजंग रायमाझीलाई महासचिव बनाएको थियो (पुष्पलाल, २०५३) । उनले निर्दलीय पञ्चायती व्यवस्थालाई सहयोग र समर्थन गरेपछि नेपाल कम्युनिस्ट पार्टी दुई धारमा विभाजित भयो । त्यसपछि नेपाल कम्युनिस्ट पार्टी विभिन्न नाम र समुहमा विभाजित भए । नेकपा पुर्विप्रन्तिय कमिटिको आयोजना (पूर्व माले) वि.सं. २०२८ को झापा विद्रोह गरे पश्चात् फेरी कम्युनिस्ट आन्दोलनमा एकिकरणका अभियान शुरु भएको देखिन्छ । विशेष गरी नेकपा मालेको चौथो महाधिवेशनले विश्व कम्युनिस्ट आन्दोलन सोभियत रुशको पतन सन् १९८९ पश्चात् अब विश्व कम्युनिस्ट आन्दोलनलाई नविन तबरले व्याख्या गरी नयाँ अवधारणा ल्याएको थियो । नेपालको सन्दर्भमा जनताको बहुदलीय जनवादी (जबज) कार्यक्रमका एक नविन अवधारणा थियो । यही जबजका आधारमा मात्र जनताका जनजिविका र सामाजिक न्याय स्थापना गर्न सकिन्छ र समाजमा भएका सबै खाले शोषण, दमन र विभेदको अन्त गर्न सकिन्छ । जबज नेपाली क्रान्तिको मौलिक कार्यक्रम हो, यो नेपाली क्रान्तिका समग्र व्यबहारलाई मार्गदर्शन गर्ने सिद्धान्त समेत हो, यो मार्क्सवादको नेपाली संस्करण हो (ओली, २०७१) । यसको उद्देश्य प्रतिस्पर्धाका आधारमा जनमत हासिल गरी सामाजिक रुपान्तरण, आर्थिक

रुपान्तरण गर्दै स्वावलम्बी अर्थतन्त्रको विकास गर्न सकिन्छ र सबै खाले सामन्तवादको उन्मुलन गर्न सकिन्छ भन्ने हो । समावेशी, सामाजिक न्यायमा आधारित न्यायपूर्ण समाजको स्थापना गर्न सकिन्छ । जनवाद हुँदै समाजवादमा फडको मार्न सकिन्छ भन्ने मार्क्सवादको व्याख्या र नेपालमा त्यसको अभ्यास गर्नका निम्ति नेकपा माले र नेकपा मार्क्सवादीको एकिकरण पश्चात् नेकपा एमाले बनेको हो । यो पार्टीले वि.सं. २०४६ को जनआन्दोलनमा महत्वपूर्ण भूमिका निर्वाह गरी नेपाल अधिराज्यको संविधान, २०४७ निर्माण गर्न सहभागी भएको थियो । संविधानको घोषणा पश्चात् वि.सं. २०४८ मा भएको आम निर्वाचनमा नेकपा एमालेले आमनिर्वाचनमा दोस्रो ठूलो पार्टीको रुपमा जनमत प्राप्त गरी संसदमा प्रमुख प्रतिपक्षको भुमिका निर्वाह गरेको थियो । वि.सं. २०५१ भएको मध्यावधि निर्वाचनमा नेकपा एमाले संसदमा सबै भन्दा ठूलो पार्टी (८८ सिट) भएको थियो । नेकपा एमालेको अध्यक्ष मनमोहन अधिकारी सो पार्टीका संसदीय दलको नेता बनाका थिए । संविधान अनुसार सबै भन्दा ठूलो पार्टीका हैसियतले सबै राजनीतिक दलको समर्थनमा अल्पमतको सरकार बनेको थियो । नेपालको राजनीतिक इतिहासमा कम्युनिस्ट बामपन्थी नेता नेकपा एमालेका अध्यक्ष मनमोहन अधिकारीको नेतृत्वमा सरकार बनेको थियो । उनको नेतृत्वमा बनेको सरकारले सामाजिक न्याय स्थापना गर्ने उद्धेश्यले जेष्ठ नागरिक भत्ता, आफनो आफै बनाउन, नौ स को अभियान जस्ता नविन कार्यक्रम वनाइ कार्यान्वयन गरेको थियो (नेपाल कम्युनिस्ट पार्टी (एमाले) घोषणा पत्र (२०७९) । अधिकारीको अल्पमतको सरकार नौ महिना मात्र चलेको थियो । त्यही सरकारले शुरु गरेका नविन कार्यको जगमा नेकपा एमालेका नेताको नेतृत्व पटक पटक सरकार बनेका छन् ।

वि.सं. २०४६ को संयुक्त लोकतान्त्रिक जनआन्दोलनको सफलता पश्चात् बनेको नेपाल अधिराज्यको संविधान अनुरुप संबैधानिक राजतन्त्र र बहुदलीय व्यवस्थाको अभ्यास भएको थियो । वि.सं. २०४८ मा भएको निर्वाचनले नेपाली काँग्रेसलाई बहुमत र नेकपा एमालेलाई प्रमुख प्रतिपक्षको रुपमा स्थापित गरेको थियो । तर त्यो बहुमतको निर्वाचित सरकार पुरा अवधि चल्न सकेन । मध्यावधि निर्वाचन भयो । मध्यावधि निर्वाचनमा कुनै पनि राजनीतिक दलले बहुमत प्राप्त गर्न सकेनन । अल्पमतको सरकार पनि चल्न दिइएन । अस्थिर सरकारका अभ्यास भए । जनताका अपेक्षा अनुरुप कार्य नभएका भनी नेकपा माओवादी केन्द्रले जनयुद्धको घोषणा गऱ्यो । त्यो जनयुद्ध दश वर्षसम्म चल्यो । तथापि सफल हुन नसके पश्चात् संसदका राजनीतिक दल र माओवादीका विच संयुक्त जनआन्दोलन गर्न सहमति भयो । निरंकुश राजतन्त्रका विरुद्ध संसदका ७ राजनीतिक दल र विद्रोहि नेकपा माओवादीका विचमा १२ बुँदे समझदारी गरिएको थियो । सो समझदारीका आधारमा वि.सं. २०६२।६३ नेपालमा संयुक्त लोकतान्त्रिक जनआन्दोलन भयो । संयुक्त लोकतान्त्रिक जनआन्दोलनको जनादेश संविधानसभा मार्फत गणतन्त्रको स्थापना गर्नु रहेको थियो । यसरी शान्ति पूर्ण संयुक्त जनआन्दोलनको माध्यमबाट संविधानसभाको निर्माण गरियो । संविधानसभाले नेपालको संविधान २०७२ घोषणा गरी नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भयो ।

नेपालको संविधानको कार्यान्वयन तथा संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकासका लागि संवैधानिक रुपमा नयाँ संरचना अनुसार केन्द्रीय सरकारको रुपमा, नेपाल सरकार संघीय सरकार, प्रदेश तहमा सात प्रदेश सरकार र ७५३ स्थानीय तह सहितको तीन तहको सरकार रहने व्यवस्था गरिएको छ । नेपालको संविधानमा गरिएको व्यवस्था अनुरुम सहमति, सहकार्य र सहअस्तित्वका सिद्धान्तका आधारमा संघीय शासन व्यवस्थाको अभ्यास गरिएको छ । यस सिद्धान्तलाई कार्यान्वयन गर्न वि.सं. २०७४ मा संघ, प्रदेश र स्थानीय तह निर्वाचन सम्पन्न भए । वि.सं. २०४६ देखि वि.सं. २०७४ सम्म राजनीतिक अस्थिरताका कारणले नेपालमा २६ वटा सरकार निर्माण भए । नेपाली जनताले सुशासन र राजनीतिक स्थायित्वका लागि समृद्ध नेपाल र सुखी नेपाली बनाउनका लागि साथै दीगो शान्तिलाई संस्थागत गर्न, ५ वर्षसम्म एउटै दलको सरकार बनोस भन्ने आकाक्षा जनताको थियो । सो जनभावना बुझेर नेकपा एमाले र नेकपा माओवादीले संयुक्त घोषणा पत्रका आधारमा आमनिर्वाचन भाग लिएका थिए । जनताको जनमत बामपन्थी संयुक्त घोषणा पत्रका आधारमा झण्डै दुई तिहाइको जनमत प्राप्त गरी ती दुई राजनीतिक दलले पार्टी एकिकरण गरी नेपाल कम्युनिस्ट पार्टी (ने.क.पा.) को घोषणा गरे । सो पार्टीमा केपी ओली र पुष्पकमल दाहाल प्रचण्ड दुई अध्यक्षको समेत व्यवस्था गरे । नेपाल

कम्युनिस्ट पार्टी (ने.क.पा.) को संसदीय दलको नेतामा सर्वसम्वत केपी ओली निर्वाचित भए र उनको नेतृत्वमा नेपाल सरकारको गठन भयो ।

यसरी नेपालमा जनमतबाट बामपन्थी कम्युनिस्टहरुको सरकार बनेको कुरा पश्चिमा राजनीतिक शक्तिलाई मनपरेको थिएन । अर्थत पूजँवादी राजनीतिक शक्तिलाई कसरी बामपन्थीले प्राप्त गरेको जनमतलाई विखण्डन गरी नेपालमा अस्थिर सरकार चलाउने भन्ने योजना बन्न थाले । एसियामा कम्युनिस्ट सरकारका रुपमा जन गणतनन्त्र चीन, उत्तर कोरिया र जनमतवाट निर्वाचत नेपालको सरकार बामपन्थीहरुको नेतृत्वमा रहेका थिए । मार्क्सवादी दर्शनको राम्रोसंग अध्ययन गरेका पुँजीवादी राजनीतिक शक्तिले फलामलाई काटनका निम्ति फलामकै प्रयोग गरे । अर्थत नेपाल कम्युनिस्ट पार्टी (ने.क.पा.) का नेताहरुका विचमा आन्तरिक द्वन्द्व सिर्जना गरिदिए । सामान्य अर्थमा सबैले बुझ्ने र देखने भाषा केपी ओली, पुष्पकमल दाहाल र माधव नेपाल विचको द्वन्द्व व्यवस्थापन गर्न नसकिने अवस्थामा पुग्यो । मार्क्सवाद प्रततिशील परिवर्तनकारी वैज्ञानिक विचार नै हो । यही विचारको नविन व्याख्या माओले आफ्नो पुस्तक On Contradiction मा गरेका छन् । मार्क्सवादलाई समृद्ध बनाउन माओले गरेको नविन व्याख्या नै हो (MaoZedong, 1937) । उनको व्याख्या बामशक्तिले शक्ति र सत्ता प्राप्त गरेता पनि आफै भित्रको द्धन्द्ध व्यवस्थापन गर्न ज्यादै जटिल हुन्छ । त्यसैले नेतृत्व सदैब चतुर बहुप्रतिभाको धनी भएमा मात्र त्यसको व्यवस्थापन गर्न सक्दछ भन्ने उनको स्पष्ट धारणा रहको छ ।

मार्क्सले युरोपको अध्ययन गरी मार्क्सवादी दर्शन र सिद्धान्त प्रतिपादन गरे । मार्क्सवादी सिद्धान्त नै द्वन्द्वात्मक भौतिकवादी सिद्धान्त हो । यो प्रगतिशील विचार परिवर्तनकारी वैज्ञानिक सिद्धान्त हो भन्ने कुरालाई लेनिनले सोभियत रुसमा समाजवादी क्रान्ति सम्पन्न गर्दा नै मार्क्सवादको नविन व्याख्या गरी जनवादी केन्द्रीयताका आधारमा समाजवाद स्थापना गर्दा मजदुर र किसानको सहयोगमा क्रान्ति सम्पन्न गरेका थिए । माओले चिनीया समाजमा मार्क्सवादको प्रयोग निम्न पूँजीपति वर्ग, बुद्धिजीवी, किसान र मजुदुरको अर्थत जनताको जनवादी अधिनायकत्वका आधारमा चिनिया क्रान्ति सम्पन्न गरेका थिए । र माओले मार्क्सवादमा नविन व्याख्या नौलो जनवादी क्रान्तिको माध्यमवाट गरे । माओका अनुसार कम्युनिस्ट क्रान्तिकारीले समाजवादी क्रान्ति सम्पन्न गरी सकेपछि पनि लामो समयसम्म आन्तरिक द्वन्द्व कायम रहन्छ । समृद्ध समाज स्थापना भइ सकेपछि वैज्ञानिक समाजवादमा मात्र वर्गविहिन समाजको निर्माण हुन्छ । समानतामा आधारित समाज निर्माण हुन्छ । त्यो माओको द्वन्द्व व्यवस्थापन सम्बन्धी अन कन्टाडिसन भन्ने ग्रन्थको व्याख्या यद्यपि वर्तमान चिनीया समाजमा पनि छ । त्यहाँ आन्तरिक द्वन्द्वलाई व्यवस्थापन गर्दै अग्रगामी योजनाका साथ पाइला चालेका छन् । सि जिङ पिङको चिनीय सपना सन् २०४९ चिनीया क्रान्ति सम्पन्न भएको सय वर्षमा चीन संसारको समृद्ध राष्ट्र निर्माण गरी आर्थिक रुपमा पहिलो मुलुक बनाउने योजना बनाई कार्यन्यन गरेका छन् । यदि मार्क्सवादी दर्शनमा विश्वास गर्ने हो भने नेपालको इतिहासमा जनमतवाट दुई तिहाइ बहुमत हासिल गरेको सरकारलाई पाँच वर्ष कार्य गर्न दिएका भए वा गरेको भए संघीय लोकतान्त्रिक गणतन्त्रको जग बलियो र संस्थागत हुने थियो । समृद्ध राष्ट्र निर्माण गर्ने अभियान समाजवाद उन्मुख हुने थियो । सुशासन कायम भई भौतिक निर्माणका पूर्वाधार खडा हुने थिए । मार्क्सवादी दर्शन र यसका अनुयायी नेपाल कम्युनिस्ट पार्टी (ने.क.पा.) ले जनताको बहुदलीय जनवाद (नेकपा एमाले) र एक्काइशौं शताब्दीको जनवाद (माओवादी केन्द्र) का आधारमा केही प्रगतिशिल सुधारका कार्य हुने संभावना देखिएका थिए । त्यो वामपन्थी कम्युनिस्ट नामको केपी ओलीको सरकारले शिक्षा र स्वास्थ जस्ता जनताको जननिविकासँग सम्बन्धित विषयमा नीति बनाइ कार्यान्वियन गर्नु पर्ने थियो । केही प्रगतिशील सुधारका कार्यको थालनी हुने थियो । विभेद रहित सामाजिक न्यायमा आधारित समाजको निर्माणको जग बस्ने थियो ।

नेपाली जनताको सपना अधुरै रहयो । नेपाल कम्युनिस्ट पार्टी (ने.क.पा.) जनताको सरकारको रुपमा स्थापित हुन सकेन । तीन वर्ष पुग्दा नपुग्दै केपी ओलीको सरकार विस्थापित भयो । यसरी विस्थापित हुनुमा दुइ दुइ पटक संसद विघटनको सिफारिस गरेको कारण पनि एक हो । यो त हात्तीको देखाउने

दाँत जस्तै मात्र हो । चपाउने दाँत त आन्तरिक द्वन्द्व व्यवस्थापन गर्न नसक्नु नै हो । सर्वोच्च अदालत स्वतन्त्र न्यायलाय र कानुनको व्याख्या गर्ने संस्था हो । यसले गरेको नविन व्याख्या शक्ति पृथकीकरणको सिद्धान्त विपरित व्यक्तिको नाम र मिति तोकेर सरकार गठन गर्ने आदेश दिएकाले यसको व्यापक रुपमा आलोचना भएको थियो । समाजवादी क्रान्तिद्धारा निर्माण भएको सोभियत रुसको कम्युनिस्ट सरकार त सन् १९८९ मा विघटन भएको थियो । नेपालमा त शान्तिपूर्ण संयुक्त जनआन्दोलनको माध्यमबाट २४० वर्ष शासन गरेको सामन्तवादको प्रतिनिधित्व गर्ने निरंकुश राजतन्त्रको अन्त गरी बनेको नेपालको संविधान र संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको जनमतवाट आएको संसदीय सरकार परिवर्तन हुनुलाई त्यति ठूलो घटनाको रुपमा लिनु पर्ने विषय वस्तु होइन । तथापि नेपाली जनताको चाहना भावनालाई सम्मान हुन सकेन । नेपालको संवैधानिक संसदीय इतिहाँसमा दुई दुई पटक फरक फरक विचारको प्रतिनिधित्व गर्ने राजनीतिक दललाई नेपाली जनताले जनमत दिए तर त्यसको सम्मान हुन सकेन । नेपालमा वि.सं. २००७ को क्रान्ति पश्चात् अभ्यास भएको संसदीय व्यवस्थामा आवधिक निर्वाचनबाट निर्वाचित बहुमतका र दुई तिहाई बहुमतका सरकारले पुरा अवधि कार्य गर्न नपाउनु मार्क्सवादी दृष्टिका आधारमा विश्लेषण गर्दा आन्तरिक द्वन्द नै हो । दलीय आन्तरिक द्वन्द्व व्यवस्थापनमा नेपालका राजनीतिक दलका नेताहरुको नै कमजोरी देखिन्छ । नेपालको क्रान्ति र संयुक्त लोकतान्त्रिक जनआन्दोलनमाद्धारा गणतन्त्र नेपालको स्थापना गर्न राजनीतिक दल र तीनका नेता सफल भए तर प्राप्त उपलब्धिलाई संस्थागत गरी लोकतान्त्रिक, मूल्य, मान्यता, राजनीतिक संस्कार निर्माण गर्नमा बामपन्थी वा गैर बामपन्थी नेता सफल हुन सकेनन । संसदीय शासन भनेको नै क्रोनि क्यापिटलीजम हो (Aligica & Tarko, 2014)। यो भन्दा बढी आशा त राख्न अवश्यक छैन । तथापि जनताको आशा र भरोशाका रुपमा देखिएको नेपाल कम्युनिस्ट पार्टी ( ने.क.पा.) छोटो समयमै विघटन भयो । नेपालका कम्युनिस्ट पार्टीहरुले मार्क्सवादी दर्शनलाई न त व्यवहारमा उतारी आचरण, व्यवहार र शैली सुधार गर्दछन । नत पार्टी जीवनलाई चुस्त दुरुस्त बनाइ आलोचना आत्मा आलोचना गर्दछन नत उनका आचरण र व्यवहार परिवर्तन गर्दछन । नेपालका कम्युनिस्टहरु नामधारी कम्युनिस्टहरु मात्र भए । जनताको जीवनस्तर जस्ताको तस्तै छ कम्युनिस्ट नेताहरु जीवन स्तर उच्च किसिमको छ । कम्युनिस्ट पार्टीका नेता र कार्यकर्ता पार्टीको संगठन निर्माण र जनताको जनजिविका सवालमा भन्दा पनि नेताको वरी परी घुम्ने, संसदीय मोर्चाका पद प्राप्त गरी गैरकानुनी र अवैध तबरले शक्तिको दुरुपयोग गरी आफ्नो स्वार्थ सिद्धको साधनको रुपमा उपभोग गर्ने जीवन शैली चरम पूँजीवादी किसिमको छ । वैचारिक रुपमा जती सर्वहाराकृत भनेर फलाके पनि जनताको नजरमा अन्य गैर कम्युनिस्ट भन्दा फरक देखिदैन ।

नेपाली जनताले पटक पटक संयुक्त जनआन्दोलन मार्फत गणतन्त्रको जनादेश दिएका छन् । त्यसैगरी संसदीय आमनिर्वाचन मार्फत जनमत, समर्थन र सहयोग गरेका छन । संघीय लोकतान्त्रिक गणतन्त्र नाममात्रको गणतन्त्र भएको छ । गणतन्त्रका नाममा केही निश्चित व्यक्तिको जीवनमा मात्र परिवर्तन आयो । आम नेपाली जनताको जीवन स्तरमा परिवर्तन हुन सकेको छैन । आम सचेत नेपाली नागरिकको विश्लेषण के छ भने जुन जोगी आए पनि कानै चिरेको भन्ने नेपाली उखान व्यवहारमा चरितार्थ भएको छ । पार्टी जीवनमा अपरिहार्य जीवन्त रहनु पर्ने वाद, प्रतिवाद र सम्वादमा ह्रास भएको देखिन्छ । अर्को शब्दमा वाद, प्रतिवाद र सम्वाद (Thesis, Antithesis and Synthesis) कम्युनिस्ट पार्टीका नेता कार्यकर्ताका लागि अनिवार्य रुपमा अनुसरण गर्नु पर्ने तत्वहरु हुन । यीनले कम्युनिस्ट पार्टी जीवनलाई जिबन्त राख्दछ । यो द्वन्द्ववादी सिद्धान्त आलोचना आत्मआलोचना र समालोचनाले प्रगतिशीलता प्रमाणित गराउँदछन । नेपालका कुनै पनि कम्युनिस्ट पार्टीले न त पार्टी जीवनमा आलोचना सुन्ने अभ्यास गर्दछन न त अन्य सार्वजनिक रुपमा आएका आलोचनालाई आत्मसाथ गरि आफुलाई सच्चाउदछन । आलोचना, आत्मआलोचना र समालोचनाले एक सच्चा कम्युनिस्ट क्रान्तिकारीको पहिचान दिन्छ । तर अहिले नेपालमा बामपन्थी र गैर बामपन्थी छुटटाउनै सकिदैन । त्यसैले नेपाली जनताको नजरमा बामपन्थी कम्युनिस्ट भन्ने पहिचान हराउदै गएको छ । पश्चिमा पूँजीवादी संस्कार र सस्कृतिले नेपाली समाजलाई कहाँ पुराउने हो त्यसको लेखा जोखा छैन ।

## निष्कर्ष

मार्क्सवादी दर्शन आफैमा परिवतनकारी र प्रगतिशिल विचार हो । यसलाई वर्तमान अवस्थामा नविन तबरले व्याख्या विश्लेषण गरिएको छ । नव माक्सीजमका रुपमा अभ्यास गरिदैछ । यो समाज निर्माणको वैज्ञानिक अवधारणा हो । यसले सबै खाले शोषण अन्याय अत्याचारको र दमनका विरुद्ध आवाज उठाउदछ । समाजमा हेपिएका र पिल्सियका वर्गको उत्थान गरी समनता र स्वतन्त्रता, भातृत्वमा समतामुलक समाज, न्यायपूर्ण समाज र वर्गवीहिन समाजको निर्माण यसको सैद्धान्तिक मान्यताहरु हुन । द्वन्द्वात्मक भौतिकवाद प्राचिन कालदेखि उभिदै आएको विचार हो र वर्तमानमा पनि नवीन रुपमा यसको व्याख्या र विश्लेषण गरी समुन्नत र सुसम्पन्न समाज नै यसको आधारशिला हो । त्यसैले मार्क्सवादी दर्शनको द्वन्द्वात्मक भौतिकवाद र यसको नेपाली समाजमा परेको प्रभाव यसको अभ्यासका सन्दर्भका विभिन्न उतार चढाव देखिएका छन् । नेपाली समाजका यसका अनुयायी नेता, कार्यकर्ताका आचरण, व्यवहार र शैलीमा परिवर्तन नगरी पार्टी विधान, कार्यक्रम, घोषणा र भाषण गर्दैमा द्वन्द्वात्मक भौतिकवादले नेपाली जनताको भावना बोक्न सक्दैन । जनताको इच्छा र भावना परिपूर्तिको साधन पनि बन्न सक्दैन । मार्क्सवादलाई संसदीय मोर्चाको माध्यमवाट प्रगतिशील सुधार गरी जनमुखी कार्य गर्न सकिन्छ भन्ने जनताको बहुदलीय जनवादलाई नेपाली भूमिमा अभ्यास गर्दा नेपालको संविधानमा लेखिएको सार्वभौमसत्ता नेपाली जनतामा भन्ने सिद्धान्तलाई व्यवहारमा उतारी जनताका सेवकका रुपमा नेपालका कम्युनिस्ट पार्टीहरु नेता कार्यकर्ता देखिनु पर्दछ । अहिलेको वास्तविक यथार्थ निर्वाचित जनप्रतिनिधि होस वा कम्युनिस्ट पार्टीका अधिकांश नेता कार्यकर्ता आफुलाई नव सामन्तवादको रुपमा प्रस्तुत गरेका छन । नेपाली जनतालाई संघीय लोकतान्त्रिक गणतन्त्रको नाममा शासन गरेका छन् । द्वन्द्वात्मक भौतिकवादी सिद्धान्तका कसिमा राखेर हेर्दा यो विचारको अनुसरण गर्ने कम्युनिस्ट पार्टीका नेता कार्यकर्ताहरु ज्यादै कम मात्र पाइन्छ । कम्युनिस्ट पार्टीलाई जीवन्त राख्ने माध्यम आलोचना, आत्मआलोचन र समालोचनाका आधारमा आफुलाई सुधारगरी स्थापित गर्ने मध्यम हो । यस्तो परिपाटी हराउदै गएको छ । मार्क्सवादी विचार बैज्ञानिक समाजवादी विचार भएकाले यसलाई समाजमा स्थापित गर्नका निम्ति संसदीय मोर्चाका माध्यमवाट प्रगतिशील सुधार सहित समाजवाद उन्मुख अर्थतन्त्रको विकास गरी आर्थिक विकास गर्न जनता नै यो मुलुकका मालिक हुन भन्ने व्यवहार लोकतान्त्रिक, मूल्य, मान्यता र सुसंस्कृत राजनीतिक संस्कारका आधारमा स्थापित गर्न सक्नुपर्छ । यस अध्ययनबाट मार्क्सवादी दर्शन सैद्धान्तिक रुपमा सबै बामपन्थी राजनीतिक दलको नीति, कार्यक्रम, घोषणा पत्रमा लिपिबद्ध गरिएको देखिन्छ तथापी सरकारको नेतृत्व गर्दा त्यसलाई कार्यन्वयन भने केही प्रगतिशील सुधार बाहेक आम जनसमुदायका साझा सबालमा जस्तै, शिक्षा स्वास्थको क्षेत्रमा प्रगतिशीलता तर्फ उन्मुख भएको पाइएन । तसर्थ मार्क्सवादी दर्शन र नेपालमा यसको अभ्यासमा वस्तुनिस्ट तबरले कार्यान्वयन गरेमा उज्वल भविष्यको संभावना भने निश्चित रुपमा रहेको छ ।

## सन्दर्भ सामग्री (References)

आचार्य, नारायणप्रसाद (२०७३) पौरस्त्य दर्शनमा भौतिकवाद, नेपाल प्रज्ञा प्रतिष्ठान ।

आफनास्येभ, भिक्टर (२०६७) दर्शनशास्त्रको प्रारम्भिक ज्ञान, विद्यार्थी पुस्तक भण्डार ।

ओली, केपी (२०७१) जबज र पार्टी जीवनको लोकतान्त्रिकरण, मदनभण्डारी फाउण्डेशन ।

के.सी. सुरेन्द्र (२०६५) नेपालमा कम्युनिस्ट आन्दोलनको इतिहास, विद्यार्थी पुस्तक भण्डार ।

दाहाल, गिरधारी (२०८०) राजनीतिक विचारकहरु, पैरवी बुक हाउस ।

दाहाल, गिरधारी (२०७०) दर्शनशास्त्र सम्बन्धी चिन्तन, प्रगतिशील दर्पण, नेपाल प्रगतिशील प्राध्यापक सङ्गठन पृथ्वीनारायण क्याम्पस समिति ।

नरहरीनाथ, योगी (२०७०) गोरक्ष साम्यवाद, योगी नरहरिनाथ स्मृति बृहदाध्यात्मिकपरिषदः ।

नेपाल कम्युनिस्ट पार्टी (एमाले) घोषणा पत्र (२०७९) पाँच वर्ष : एमालेले गर्छ, प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन २०७९, नेकपा एमाले ।

नेपाल कम्युनिस्ट पार्टी (एमाले) विधान (२०४९ संशोधन २०७८) नेपाल कम्युनिस्ट पार्टी (एमाले) केन्द्रीय कार्यालय ।

नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) अन्तरिम विधान २०७८(२०७८) नेपाल कम्युनिस्ट पार्टी ( माओवादी केन्द्र) केन्द्रीय कार्यालय ।

नेपाल कम्युनिस्ट पार्टी (२०७०) दस्तावेज संग्रह भाग १, पुष्पलाल स्मृति प्रतिष्ठान ।

पन्त, देनेशराज र प्रभात, विष्णु (सम्पादक २०७२) दर्शनावली तीन, नेपाल प्रज्ञा प्रतिष्ठान ।

प्रभात, विष्णु (सम्पादक २०६८) दर्शनावली एक, नेपाल प्रज्ञा प्रतिष्ठान ।

प्रभात, विष्णु (सम्पादक २०७०) दर्शनावली दुई, नेपाल प्रज्ञा प्रतिष्ठान ।

प्रभात, विष्णु (२०७४) दर्शनबोध, नेपाल प्रज्ञा प्रतिष्ठान ।

पुष्पलाल (२०५३) नेपालमा कम्युनिस्ट आन्दोलनको संक्षिप्त इतिहास, पुष्पलाल स्मृति प्रतिष्ठान ।

भुसाल, घनश्याम  (२०६४) आजको मार्क्सवाद र नेपाली क्रान्ति, नेपाल अध्ययन केन्द्र ।

भुसाल, बेदुराम (२०६८) नेपालमा प्रचलित दार्शनिक चिन्तनहरु, नेपाल प्रज्ञा प्रतिष्ठान ।

मार्क्स, कार्ल र एन्गेल्स, फ्रेडरिक (१९७६) कम्युनिस्ट पार्टीका घोषणापत्र, प्रगतिप्रकाशन ।

मार्क्स, कार्ल (१९८७ तेस्रो संस्करण) पूँजी, प्रगतिप्रकाशन ।

मार्क्स, कार्ल (१९८६ दोस्रो संस्करण) कार्ल मार्क्स जीवनी, प्रगतिप्रकाशन ।

येर्माकोवा, अन्तोनीना र रात्निकोव, वालेन्तीन (१९८८ ई.) सामाजिक और राजनीतिक ज्ञान  वर्ग और वर्ग संघर्ष क्या है ? प्रगति प्रकाशन ।

लेनिन (१९८५, दोस्रो संस्करण) भ्या.इ. लेनिन संकलित रचना भाग १, प्रगति प्रकाशन ।

लेनिन (१९८५, दोस्रो संकरण) भ्या. इ. लेनिन र संकलित रचना भाग २,  प्रगति प्रकाशन ।

शर्मा, कृष्णचन्द्र (सम्पादक २०७२) ले मार्क्सवादी साहित्यसिद्धान्तका प्रतिनिधिमूलक विचारहरु, नेपाल प्रज्ञा प्रतिष्ठान ।

शिवाकोटी, गोपाल (२०७०) राजनीति शब्दकोश नेपाली अग्रेजी नेपाली, पैरवी प्रकाशन ।

Aligica, P. D., & Tarko, V. (2014). Crony capitalism: Rent seeking, institutions and ideology. *Kyklos*, *67*(2), 156-176.

Baxter, L. A. (2004). A tale of two voices: Relational dialectics theory. *Journal of Family Communication*, *4*(3-4), 181-192.

D'MELLO, B. E. R. N. A. R. D. (2009). What is maoism? *Economic and Political Weekly*, 39-48.

Dogan, S. (2018). *Marx and Hegel on the dialectic of the individual and the social*. Rowman & Littlefield.

Draper, H. (1987). *Dictatorship of Proletariat*. NYU Press.

Guo, X. (2022). Discussion on the Fourfold Fundamental Characteristics of Marxism. *Academic Journal of Science and Technology*, *4*(1), 102-105.

Joppke, C. (1986). The cultural dimensions of class formation and class struggle: on the social theory of Pierre Bourdieu. *Berkeley Journal of Sociology*, *31*, 53-78.

Lefebvre, H. (2009). *Dialectical materialism*. U of Minnesota Press.

Lutze, T. D. (1996). *New democracy: Chinese Communist relations with the urban middle forces, 1931-1952*. The University of Wisconsin-Madison.

Maurer, B. (2006). In the matter of Marxism. *Handbook of material culture*, *13*, 28.

MaoZedong (1937) ON CONTRADICTION. http://academics.wellesley.edu/Polisci/wj/China/Mao%20Readings/OnContradiction.pdf

Mouzelis, N. (1988). Marxism or post-Marxism? *New Left Review*, *167*(1), 107-123.

Schecter, D. (1994). *Radical theories: paths beyond Marxism and social democracy*. Manchester University Press.

Schmidt, L. H. (1977). A Marxist Theory of class struggle. *Acta Sociologica*, *20*(4), 385-392.

Sehgal, M. L. (2020). Marxism, Communism, Marxian Socio-political Economic Theory and the Socialist World: Part-I. *Advances in Social Sciences Research Journal*, *7*(5).

Sellars, R. W. (1944). Reflections on Dialectical Materialism. *Philosophy and Phenomenological Research*, *5*(2), 157-180.

Spirkin, A. G. (1983). *Dialectical materialism*. Progress Publishers.

Staal, J. F. (1962). Negation and the law of contradiction in Indian thought: A comparative study. *Bulletin of the School of Oriental and African Studies*, *25*(1), 52-71.

Therborn, G. (2018). *From Marxism to Post-Marxism?* Verso Books.